# एकाइ छ

# बालभाषा विकासका सिद्धान्त

## ६.१ बालभाषा विकासमा चोम्स्कीको सिद्धान्त

अब्राहम नोम चोम्स्की (Avram Noam Chomsky, 1928) अमेरिकाको पेन्सिलभानियाको फिलाडेल्फियाको यहुदी परिवारमा जन्मिएका हुन् । उनी जेलिङ्ग ह्यारिस, फ्रान्ज बोआस, सपियर, ब्लुम्फिल्ड आदि संरचनावादी भाषाशास्त्रीबाट प्रेरित र प्रभावित थिए । आफ्नै बाबुद्वारा लेखिएको हिब्रु भाषाको व्याकरण पनि उनी ११ वर्षकै उमेरमा पढिसकेका थिए ।

अठारौं र उन्नाइसौं शताब्दीमा ऐतिहासिक र तुलनात्मक भाषा विज्ञानले खासै उपलब्धि हासिल गर्न नसकेपछि बिसौं शताब्दीको पूर्वाद्धमा अमेरिकाली संरचनावादी भाषा पद्धतिले निकै प्रगति गर्‍यो । यही संरचनावादी परम्परामा हुर्केका नोम चोम्स्कीले ३० वर्षकै उमेरमा संरचनावादको विरूद्धमा आफ्नो रूपान्तरणवादको सिद्धान्त प्रतिपादन गर्ने काम गरे । अमेरिकी संरचनावाद अनुभववाद र व्यवहारवादको विरोध गर्दै बुद्धिवादी दार्शनमा आधारित दर्शन थियो । संरचनावादीहरूले पहिले भाषिक विश्लेषण गर्ने क्रममा क्रमशः वर्ण, रूप र वाक्यलाई प्राथमिकता दिने काम गर्थे तर वाक्यका क्षेत्रमा काम भएको थिएन । यो समयमा अनुभववादी र व्यवहारवादी मनोविज्ञानको बोलवाल थियो । अनुभववादीहरूले ज्ञानको स्रोत अनुभवलाई मान्दथे र प्रत्यक्ष अनुभवमा विश्वास गर्दथे । उनीहरूको विचारमा मानिस जन्मिदा सेतो कागज जस्तो शुद्ध र स्वच्छ दिमाग लिएर आउने हुनाले अनुभवबाट उसले ज्ञान आर्जन गर्छ भन्ने विश्वास गर्दथे । त्यसै गरी व्यवहारवादीहरूले पनि अनुभववादमै विश्वास गर्दथे र उत्तेजना, प्रतिक्रिया एवम् पुनर्वलीकरण प्रक्रियाबाट भाषिक आर्जन गर्न सकिन्छ भन्नेमा विश्वास गर्दथे । यिनै व्यवहारवादी मनोवैज्ञानिक स्किनरद्वारा लेखिएको 'क्रियात्मक व्यवहार' (Verbal Behavior, 1959) पुस्तकको परिचय लेखेर चोम्स्कीले अनुभववाद र व्यवहारवादको कटुआलोचना समेत गरेका थिए ।

दर्शनको क्षेत्रमा डेकार्टे, लाइब्नित्ज र स्पनोजा जस्ता बुद्धिवादी दार्शनिकहरूले अगाडि सारेको मानव बुद्धिको महत्वलाई चम्स्कीले पनि समर्थन गरे । उनीहरूले बुद्धिलाई ज्ञानको स्रोत मान्दथे र मानव जन्मदादेखि नै केही बौद्धिक गुणहरू लिएर आउने कुरामा विश्वास गर्थे । चम्स्कीले पनि यो विशेषतालाई स्वीकार गर्दै बुद्धिकै कारणले मानिस भाषा सिक्न सक्छ भन्दछन् । चोम्स्कीले सन् १९५५ मा 'रूपान्तरणात्मक विश्लेषण' (Transformational Analysis) मा विद्यावारिधि गरेपछि सन् १९५७ मा 'वाक्यात्मक संरचना' (Syntactic Structures) प्रकाशित गरे । यिनै कृतिका माध्यमबाट उनले सन् १९५७ मै

संरचनावादी भाषिक विश्लेषण पद्धतिभन्दा भिन्न नयाँ भाषिक पद्धतिलाई अगाडि सारेर 'शास्त्रीय सिद्धान्त' (Classical Theory) प्रकाशित गरे । यसै सिद्धान्तका आधारमा उनले भाषाको विश्लेषण गर्ने क्रमलाई अगाडि बढाए । यही १९५७ कै अध्ययनलाई समेटेर उनले १९६५ मा 'मानक सिद्धान्त' (Aspects of the Theory of Syntax) प्रतिपादन गरे । उनले सन् १९६८ मा 'भाषा र मस्तिष्क' (Language and Mind) प्रकाशित गरे ।

मानक सिद्धान्तलाई पनि सच्याउने क्रममा 'विस्तारित मानक सिद्धान्त १९७०' प्रकाशमा ल्याए । त्यसपछि पनि उनले यी सिद्धान्तमा देखिएका कतिपय समस्याहरूका समाधानका सन्दर्भमा 'संशोधित विस्तारित मानक सिद्धान्त, १९७५' प्रस्तावित गरेको पाइन्छ । यही रूपान्तरण व्याकरणलाई नै अर्थ्याउने क्रममा 'अधिशासन र आबद्धता सिद्धान्त १९८०' तथा 'न्युनतमवादी सिद्धान्त' (The Minimalist Program, 1995) प्रकाशनमा आइ सकेका छन् । यिनै सिद्धान्तका आधारमा रूपान्तरण व्याकरणको विकास भएको हो । रूपान्तरण व्याकरणले सीमित नियमका आधारमा असीमित वाक्य उत्पादन गर्ने हुनाले यसलाई उत्पादक व्याकरण पनि भनिन्छ (बन्धु, २०५३ः १४३) । यसैका आधारमा चोम्स्कीका आधारभूत मान्यताको व्याख्या गर्न सकिन्छ । यिनै अध्ययनले बालभाषाको विकासमा पनि ठुलो योगदान पुऱ्यायो ।

नोम चोम्स्कीले बालभाषा विकासको विषयमा महत्वपूर्ण योगदान दिएका छन् । उनले बालकको मस्तिष्कमा भाषा सिक्ने सामर्थ्य जन्मजात रूपमा रहेको हुन्छ भन्ने तथ्यको पनि खोजी गरे । उनको भनाइमा भाषाका आधारभूत नियमहरू अमूर्त रूपमा मस्तिष्कमा रहेका हुन्छन् र तिनै नियमका आधारमा बालकले अर्धचेतन मनबाट भाषा सिकिरहेको हुन्छ । संसारका हरेक भाषाका आन्तरिक तहका संरचना समान हुने हुनाले बालकले जुनसुकै भाषा सहजै सिक्न सक्छ भन्ने तर्क पनि उनले अगाडि सारे । अनुभववादीहरूले बालक जन्मदा कोरा मस्तिष्क लिएर आएको हुन्छ र उसले अनुभव तथा व्यवहारबाट भाषा सिक्दै जान्छ भन्ने तर्कको पनि खण्डन गर्दै चोम्स्कीले बालक जन्मदा नै भाषाप्राप्ति संयन्त्र (ल्याड) लिएर आएको हुन्छ र सोही संयन्त्रका आधारमा उसले भाषा सिक्छ भन्ने तर्क राखेका हुन् । बालभाषा विकासका सम्बन्धमा चोम्स्कीले बालकमा रहेको भाषाप्राप्ति संयन्त्र पनि सँधै एकैनासले सक्रिय नरहेर पूर्वबाल्यावस्थादेखि १० वर्षको उमेरसम्म सक्रिय हुने हुनाले प्रौढका तुलनामा बालकले छिटो भाषा सिक्छ भन्ने तथ्य पनि पत्ता लगाए । बालभाषाका सम्बन्धमा चोम्स्कीले भाषाप्राप्ति प्रक्रिया र भाषाप्राप्ति संयन्त्रका बारेमा नयाँ तथ्यको खोजी गरेका हुन् । यसका बारेमा थप चर्चा अर्को शीर्षकमा गरिएको छ ।

**निष्कर्ष**मा नोम चोम्स्कीका भाषा सम्बन्धी प्रमुख मान्यताहरू निम्नानुसार पाइन्छन्-

क. नोम चोम्स्कीको पहिलो मान्यता **अनुभववाद र व्यवहारवादको विरोध** गरी रूपान्तरणवादी भाषिक मान्यताको स्थापना गर्नु हो ।

ख. **संरचनावादीहरूको भाषिक सम्पादन सम्बन्धी मान्यताको विरोध** गर्दै भाषिक सामर्थ्यको व्याख्या गर्नु चोम्स्कीको दोस्रो भाषिक मान्यता हो । नोम चोम्स्कीले संरचनावादीको अरूले बोलेको र लेखेको भाषिक सम्पादनबाट मात्र भाषा सिकिन्छ भन्ने तर्कको विरोध गर्दै उनले वक्ता वा लेखकमा अन्तर्निहित क्षमताले गर्दा कहिल्यै नसुनेको र नपढेको भाषा पनि बुझ्न र पढ्न सकिन्छ भन्ने तर्क अगाडि सारेका हुन् ।

ग. **भाषिक सार्वभौमिकताको खोजी** गर्न नोम चोम्स्कीले पहिलो पटक रूपान्तरण व्याकरणमार्फत संसारका सबै भाषाको आन्तरिक र बाह्य गरी दुई प्रकारको संरचना हुन्छ र उक्त संरचनामा आन्तरिक संरचना सबै भाषाको समान हुन्छ भने बाह्य संरचना भाषै पिच्छे फरक फरक हुन्छ भन्ने तर्क अगाडि सारेका हुन् । हरेक भाषाको आन्तरिक संरचनामा वाक्य, उपवाक्य, पदावली, रूप, वर्ण, उद्देश्य, विधेय आदि आधारभूत एकाइ समान हुन्छन् भन्ने भाषिक सार्वभौमिकताको खोजी गर्ने काम चोम्स्कीले गरेका हुन् ।

घ. **द्विस्तरीय संरचनाको स्वीकार** गर्दै चोम्स्कीले नै सर्वप्रथम हरेक भाषामा आन्तरिक र बाह्य गरी दुई किसिमको संरचना हुन्छ भन्ने तर्क अगाडि सारेका हुन् ।

ङ. **भाषिक उत्पादनशीलता वा सिर्जनशीलताको खोजी** गर्ने क्रममा चोम्स्कीले मानव मस्तिष्कको सामर्थ्यले गर्दा सीमित नियमका आधारमा असीमित वाक्यहरू उत्पादन गर्न र कहिल्यै नसुनेका वाक्य पनि बुझ्न तथा बोल्न सकिन्छ भन्ने तथ्यको खोजी गरेका छन् । यही भाषिक क्षमतालाई उनले सिर्जनशीलता भनेका हुन् ।

च. **बुद्धिवाद र मानसिकतावादी अवधारणामा विश्वास गर्नु** । चोम्स्कीले संरचनावादीहरूको व्यावहारवाद र अनुभववादको विरोध गर्दै मानव मस्तिष्कमा रहेको 'भाषाप्राप्तिको संयन्त्र' (Language Acqusition Device; LAD) को सहायताले भाषा आर्जन गर्न सकिन्छ भन्ने तर्क पनि अगाडि सारेका हुन् ।

छ. **वाक्यवादी व्याकरणात्मक अवधारणाको स्वीकार** गरी चोम्स्कीले संरचनावादीहरूले अध्ययन गरेको ध्वनि, वर्ण, रूप जस्ता भाषिक एकाइको विश्लेषणबाट कुनै भाषिक उपलब्धि हासिल हुन सक्दैन भन्दै रूपान्तरण व्याकरण मार्फत वाक्यात्मक व्याकरणको अध्ययन परम्पराको थालनी गरेका हुन् ।

ज. **भाषिक व्यवहार नियमशासित हुने दृष्टिकोण** राख्दै चोम्स्कीले व्यवहारवादी र संरचनावादीहरूले भाषा सिकाइलाई बानी वा आदतका रूपमा लिए पनि त्यसको खण्डन गरी भाषा सिकाइ

प्रक्रिया भाषिक नियमहरूको ज्ञान मार्फत हुने कुरामा आफ्नो अवधारणा प्रस्तुत गरेका छन् ।

**झ.** चोम्स्कीले आफ्ना भाषा सम्बन्धी मान्यता स्थापित गर्न **'रूपान्तरणोत्पादन व्याकरण' अथवा व्याकरण, उत्पादन र रूपान्तरणको नयाँ सैद्धान्तिक आधार प्रस्तुत** गरेका छन् ।

## ६.१.१ भाषाप्राप्ति प्रक्रिया

पहिलो भाषा र दोस्रो भाषा सिकाइमा स्पष्ट भिन्नता हुन्छ । त्यसै गरी बालक र प्रौढको भाषा सिकाइमा पनि स्पष्ट भिन्नता हुन्छ । यही भिन्नतालाई पुष्टि गर्न स्टेफेन क्र्यासन (Stephen Krrashen, 1982) ले आफ्नो 'दोस्रो भाषाप्राप्तिको सिद्धान्त र प्रयोग' पुस्तकमा भाषा आर्जनका 'प्राप्ति र आर्जन प्राक्कल्पना, मनिटर प्राक्कल्पना, नैसर्गिक अनुक्रम प्राक्कल्पना, अनुप्रविष्टि प्राक्कल्पना र प्रभावी फिल्टर प्राक्कल्पना' गरी पाँचवटा प्राक्कल्पनाहरू प्रस्तुत गरेका छन् (विस्तृत चर्चा अध्याय सातमा) । क्र्यासनको यो सिद्धान्त प्रौढहरूले सिक्ने दोस्रो भाषासँग सम्बन्धित छ भने नोम चोम्स्कीको भाषाप्राप्ति प्रक्रिया पहिलो भाषा सिकाइसँग सम्बन्धित छ । तर भाषाप्राप्ति (Acquisition) र भाषा आर्जन (Learning) प्राक्कल्पनाका सम्बन्धमा पहिलो चर्चा भने क्र्यासनबाटै भएको हो ।

नोम चोम्स्कीले आफ्नो 'शास्त्रीय सिद्धान्त (Classical Theory, 1957)' लाई संशोधन गरेर 'मानक सिद्धान्त' (Aspects of the Theory of Syntax, 1965) को प्रतिपादन गरेका हुन् । उनको यो सिद्धान्तमा बालकले रूपान्तरणको प्रक्रियाबाट भाषाप्राप्ति कसरी गर्दछ भन्ने सम्बन्धमा चर्चा गरेका छन् । सामान्यतया बालकले विद्यालय जानुपूर्व नै पहिलो भाषा प्राप्ति गरी सकेको हुन्छ । पहिलो भाषाप्राप्तिका निम्ति औपचारिक कक्षा र सिकाइको आवश्यकता पनि पर्दैन । बरू प्राकृतिक रूपमा अनौपचारिक वातावरणबाटै बालकले मातृभाषा आर्जन गरेको हुन्छ । बालकले एकभन्दा बढी भाषा पनि सिकेको हुन्छ । बालकले दुईवटा भाषा सिकेमा द्विभाषिकता र दुईभन्दा बढी भाषा सिकेमा बहुभाषिकता हुन्छ । यी सबै दोस्रो भाषामा पर्दछन् । कहिलेकाही बालकले एकैसाथ दुईवटा भाषा सिकेमा पनि त्यसलाई मातृभाषा वा पहिलो भाषा नै भनिन्छ । पहिलो भाषा सिकाइ प्रक्रिया भाषाप्राप्ति हो भने दोस्रो भाषा सिकाइ प्रक्रिया भाषा आर्जन हो । कहिले काहीं एउटै भाषा अफाजिया (Aphasia) जस्ता रोगका कारणले दोस्रो पटक सिक्नु पर्ने पनि हुन्छ । तसर्थ क्लेइन (Klein, 1968) ले भाषाप्राप्तिलाई 'पहिलो भाषाप्राप्ति, दोस्रो भाषाप्राप्ति र पुन-प्राप्ति' गरी तिन प्रकारका भाषाप्राप्तिको चर्चा गरेका छन् (राई, २००५: ४) ।

चोम्स्कीका विचारमा जन्मजात रूपमा बालकमा रहेको ल्याड निश्चित वातावरण र समाजमा निश्चित उमेरसम्म अथवा १० वर्षको उमेरसम्म सक्रिय हुँदै जान्छ । यही ल्याडको सक्रियता नै भाषाप्रप्ति हो । केटाकेटीहरू भाषिक

क्षमता लिएरै जन्मिएका हुन्छन् । उनीहरूलाई भाषा सिकाइरहनु पर्दैन । भाषा अभिव्यक्त गरेरै सिकिन्छ । भाषाका नियमहरू अचेतन (Unconscious) रूपमै विकसित हुन्छन् । यो प्रक्रिया अनियन्त्रित वातावरणमा अनौपचारिक व्यवहारबाटै अर्धचेतन अवस्थामा भाषाप्राप्ति भएको हुन्छ । यही पहिलो भाषा सिक्ने प्रक्रिया नै भाषाप्राप्ति हो । भाषाप्राप्ति भाषा आर्जन पूर्व नै हुन्छ र यसलाई भाषाप्राप्ति संयन्त्रले सघाएको हुन्छ ।

## ६.१.२ भाषाप्राप्ति संयन्त्र

सबै बालकमा भाषा सिक्ने क्षमता वा सामर्थ्य रहेको हुन्छ । यही बालकमा रहेको भाषा सिक्ने क्षमता वा सामर्थ्यलाई नोम चोम्स्कीले 'भाषाप्राप्ति संयन्त्र' (Language Acquisition Device: LAD) भनेका हुन् । यो संयन्त्र हरेक बालकमा निश्चित उमेरसम्म सक्रिय अवस्थामा रहेको हुन्छ भने त्यसपछि क्रमशः ह्रास हुँदै जान्छ । बालकको भाषा सिकाइमा यो संयन्त्रको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यो संयन्त्रले बालमस्तिष्कमा रहेका भाषाका आन्तरिक नियमहरूलाई आवश्यकता अनुसार सक्रिय गराउँदै भाषा सिकाइमा सघाएको हुन्छ । साथै यस संयन्त्रले भाषाको आन्तरिक संरचनालाई बाह्य संरचनामा रूपान्तरण गर्नमा पनि सघाउको हुन्छ । बालकले मातृभाषाका नियमहरू प्राप्ति वा सिक्दै जान्छ र तिनै नियमहरूलाई रूपान्तरण गरेर वाक्य बनाउँछ वा भाषिक अभिव्यक्तिको रूप दिन्छ । बालकले जीवनमा कहिल्यै नसुनेका र नपढेका वाक्यहरू पनि सहजै बुझेर नयाँ नयाँ वाक्यहरू सिर्जना गर्नुको मुख्य कारण पनि उसमा भाषाप्राप्तिसँगै भाषिक नियमको प्राप्ति हुनु हो ।

## भाषाप्राप्तिमा प्रभाव पार्ने तत्वहरू

क्र्यासनले सर्वप्रथम प्रौढहरूले सिक्ने दोस्रो भाषालाई पनि भाषाप्राप्तिका रूपमा हेरेका थिए । यसैलाई पछि नोम चोम्स्कीले भाषाप्राप्ति प्रक्रिया पहिलो भाषा सिकाइसँग सम्बन्धित हुन्छ भन्ने तर्क उठाए । चोम्स्कीका विचारमा जन्मजात रूपमा बालकमा रहेको ल्याड निश्चित वातावरण र समाजमा निश्चित उमेरसम्म सक्रिय हुँदै जान्छ । यही ल्याडको सक्रियता नै भाषाप्रप्ति हो । केटाकेटीहरू भाषिक क्षमता लिएरै जन्मिएका हुन्छन् । उनीहरूलाई भाषा सिकाइरहनु पर्दैन । भाषा अभिव्यक्त गरेरै सिकिन्छ । भाषाका नियमहरू अचेतन (Unconscious) रूपमै विकसित हुन्छन् । यो प्रक्रिया अनियन्त्रित वातावरणमा अनौपचारिक व्यवहारबाटै अर्धचेतन अवस्थामा भाषाप्राप्ति भएको हुन्छ । यही पहिलो वा मातृभाषा सिक्ने प्रक्रिया नै भाषाप्राप्ति हो । भाषाप्राप्ति भाषा आर्जन पूर्व नै हुन्छ र यसलाई भाषाप्राप्ति संयन्त्रले सघाएको हुन्छ । यति हुँदाहुँदै पनि भाषाप्राप्ति प्रक्रियामा प्रभाव पर्ने तत्वहरू निम्नानुसार रहेका हुन्छन्ः

**क. उमेर**ः उमेर अनुसार बालक जति कम उमेरको हुन्छ, त्यति नै भाषाप्राप्तिको गति तीव्र हुन्छ भने उमेर बढ्दै जाँदा भाषाप्राप्तिको गति पनि कमी हुन्छ ।

बाल बालिकाका तुलनामा प्रौढहरूको भाषाप्राप्ति प्रक्रिया कमी नै हुन्छ । चोम्स्कीका अनुसार त भाषाप्राप्ति संयन्त्रका कारणले बालकले १० वर्षको उमेरसम्म मात्र मातृभाषाको प्राप्ति र सम्पादन गर्न सक्षम हुन्छ । तसर्थ भाषाप्राप्तिमा उमेरले प्रत्यक्ष प्रभाव पारेको हुन्छ ।

**ख. भाषिक पृष्ठभूमि र वातावरणः** भाषाप्राप्तिमा सबै बाल बालिकाको भाषिक पृष्ठभूमि एकै प्रकृतिको हुँदैन । बालकको घरपरिवार, बाबुआमा, छरछिमेकी र भाषिक वातावरणले उसलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । मातृभाषाको प्राप्तिका तुलनामा दोस्रो भाषा आर्जनमा केही समस्याहरू थपिएका हुन्छन् । बालकको समभाषिक र विषम भाषिक वातावरणले पनि भाषाप्राप्ति र आर्जनमा प्रभाव पारेको हुन्छ । समभाषिक वातावरणमा भाषाप्राप्ति जति सहज हुन्छ, विषम भाषिक वातावरणमा हुँदैन । त्यसै गरी बाबुआमाको पेशा, आर्थिक अवस्था, सामाजिक प्रतिष्ठा आदि वातावरणले पनि बालकको भाषाप्राप्तिमा प्रभाव पारेको हुन्छ । तसर्थ भाषिक पृष्ठभूमि अनुसार बालकले भाषाप्राप्ति गरेको हुन्छ ।

**ग. शारीरिक अवस्थाः** भाषा आर्जनमा स्वस्थ शरीर र उच्चारण अवयवहरूको पूर्ण विकास भएको बालकले जुन गतिमा सफलता हासिल गर्नसक्छ, अस्वस्थ शरीर र उच्चारण अवयवले काम नगर्ने बालक भाषा आर्जन गर्नमा पनि पछि परेको हुन्छ । वृद्धि र विकाससँगै शारीरिक अवस्थाले पनि भाषाप्राप्तिमा प्रभाव पारेको हुन्छ ।

**घ. शैक्षिक सामग्रीको प्रकृतिः** भाषाप्राप्तिमा दृश्य, पाठ्य र श्रव्य सामग्रीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । भाषा सिकाइमा पाठ्यसामग्रीको जति उपयोग गर्न सकिन्छ, उति नै भाषाप्राप्ति तीव्र गतिमा हुन्छ भने शैक्षिक सामग्रीका अभावमा भाषाप्राप्ति प्रभावकारी हुन सक्दैन ।

**ङ. प्रतिभा, व्युत्पत्ति र अभ्यासः** पूर्वीय काव्य शास्त्रमा साहित्यको हेतु (कारण) प्रतिभा, व्युत्पत्ति र अभ्यास मानिएझैं भाषा आर्जनमा पनि यी कारणहरू उत्तिकै महत्वपूर्ण मानिन्छन् । कतिपय बालकमा जन्मजात बुद्धिको कारणले भाषा आर्जन सहज हुन्छ भने कतिपयमा अभिभावक र शिक्षकबाट व्युत्पत्तिका कारणले पनि भाषा आर्जन हुन्छ । त्यसै गरी बालक आफ्नै अभ्यासबाट पनि भाषाप्राप्ति गर्नसक्छ । तसर्थ यी प्रतिभा, व्युत्पत्ति र अभ्यास पनि भाषाप्राप्तिका कारक तत्व मानिन्छन् ।

**च. अभिप्रेरणा र उत्प्रेरणाः** बालकको भाषाप्रतिको रूचि र आवश्यकतले पनि भाषाप्राप्तिमा प्रभाव पारेको हुन्छ । भाषा सिकाइमा बालक वा सिकारूले जति मात्रामा रूचि राख्छ र आवश्यकताको महसुस गर्दछ, उति छिटो भाषाप्राप्ति हुन्छ भने सिकारूको भाषाप्रतिको बेवास्ताका कारणले पनि भाषाप्राप्तिमा असर पर्न सक्छ । त्यसै गरी विभिन्न पुरस्कार, प्रलोभन र हौसलाले पनि भाषाप्राप्तिमा प्रभाव पारेको हुन्छ ।

**छ. लैङ्गिक विभेदः** लैङ्गिक समानता भएको समाजमा र बाल्य अवस्थामा पुरूषको तुलनामा नारीले छिटो भाषाप्राप्ति गरेका उदाहरणहरू पाइन्छन् । बाल मनोविज्ञानको सिद्धान्त अनुसार पनि केटाका तुलनामा केटीहरू छिटो परिपक्को भएका हुन्छन् । सिद्धान्त त भाषाप्राप्तिमा पनि केटाका तुलनामा केटीहरू नै अगाडि देखिन्छन् तर कतिपय पुरूष प्रधान समाजमा भने नारीमा हुने भेदभाव वा सामाजिक विभेदले गर्दा पुरूषको तुलनामा नारी पछाडि परेका उदाहरणहरू पनि पाइन्छन् ।

यिनै उमेर, बातावरण, भाषिक पृष्ठभूमि, शारीरिक अवस्था, शैक्षिक सामग्री, प्रतिभा, उत्प्रेरणा, अभिप्रेरणा, लैङ्गिक विभेद आदि तत्वहरूले भाषाप्राप्तिमा सकारात्मक वा नकारात्मक प्रभाव पारेका हुन्छन् । यी बाहेक पनि भाषाको प्रकृति, भाषिक परिवार, भाषिक प्रयोक्ताको दृष्टिकोण, भाषाको आवश्यकता, भाषा प्रयोगशाला, भाषा प्रशिक्षक आदि पक्षले पनि भाषाप्राप्तिमा प्रभाव पारेका हुन्छन् ।

## ६.१.३ भाषिक सामर्थ्य र सिर्जनशीलता

मनोभाषा विज्ञानका आधारभूत तत्व भनेका भाषाप्राप्ति (Language Acquisition), भाषा आर्जन (Language Learning), भाषिक सामर्थ्य (Language Competence) र भाषिक सम्पादन (Language Performance) आदि हुन् । यसमा व्यवहारवादीहरूले भाषिक सामर्थ्य (बोध) र भाषिक सम्पादन (अभिव्यक्ति) लाई एउटै अर्थमा बुझेको पाइन्छ । तर नोम चोम्स्कीले यसलाई पृथकीकृत रूपमा व्याख्या गरेका छन् । भाषिक सामर्थ्य व्यक्तिको आन्तरिक क्षमता हो भने सम्पादन चाहिँ भाषाको बाह्य प्रकटीकरण क्षमता हो । त्यसै गरी व्यक्तिमा भएको भाषा सम्बन्धी ज्ञान भाषिक सामर्थ्य अन्तर्गत पर्दछ । यही सामर्थ्यका कारणले कुनै पनि व्यक्तिले भाषाको व्याकरणिक व्यवस्था पहिचान र प्रयोग गर्नसक्छ । यही भाषाको व्याकरणिक व्यवस्थाको पहिचान, बोध र प्रयोगलाई भाषिक सामर्थ्य भनिन्छ । अर्को शब्दमा भन्दा कुनै पनि भाषाका वक्तामा अन्तर्निहित भाषिक ज्ञान वा क्षमता नै भाषिक सामर्थ्य हो । भाषिक सामर्थ्य वक्ता र स्रोत दुबैमा हुने हुनाले नै वक्ताले आफूले जीवनमा कहिल्यै नसुनेका वाक्य पनि प्रयोग गर्नसक्छ भने स्रोताले पनि बुझ्न सक्छ । भाषिक सामर्थ्य व्यक्तिको आन्तरिक क्षमतासँग सम्बन्धित हुन्छ । यही आन्तरिक क्षमता वा भाषिक सामर्थ्यका आधारमा व्यक्तिले भाषाको व्याकरणिक व्यवस्था र भाषिक व्यवहारको पहिचान गर्नसक्छ ।

भाषिक सामर्थ्यका आधारमा मात्र भाषिक सम्पादन हुन्छ । भाषिक सम्पादनमा वक्ताले बुझेका र जानेका कुराहरू मात्र बाह्य रूपमा प्रकट वा अभिव्यक्त भएका हुन्छन् । नोम चोम्स्कीको भनाइमा मानव मस्तिष्कको सामर्थ्यले गर्दा सीमित नियमका आधारमा असीमित वाक्यहरू उत्पादन गर्न सकिन्छ अनि कहिल्यै नसुनेका वाक्य पनि बुझ्न र बोल्न सकिन्छ । भाषाको यही क्षमता नै भाषिक सिर्जनशीलता हो । वक्ताले आफूले प्राप्त गरेको भाषिक सामर्थ्यका

आधारमा कुनै पनि भाषिक अभिव्यक्तिलाई व्याकरणिक र अव्याकरणिक भनेर छुट्याउन सक्छ । त्यसै गरी उसले भाषाका सीमित नियमका आधारमा असीमित र असंख्य वाक्यहरू निर्माण गर्नसक्छ ।

मातृभाषी वक्ताको मस्तिष्कमा भाषाप्राप्ति संयन्त्र रहेको हुन्छ । यही संयन्त्रका कारणले भाषाका आन्तरिक नियमहरूको उपयोग गर्दै भाषा सिर्जना हुन्छ । यिनै मातृभाषी वक्ताको मस्तिष्कमा रहने भाषिक नियमहरूको समुच्चय भाषिक सामर्थ्य हो भने यही सामर्थ्यका आधारमा भाषाको प्रयोग गर्दै जानु सिर्जनशीलता हो । भाषिक सामर्थ्य वक्ताको आन्तरिक क्षमता हो भने सिर्जनशीलता बाह्य क्षमता हो ।

निष्कर्षमा बालकले बुझेका र जानेका कुराहरू मात्र बाह्य रूपमा प्रकट वा अभिव्यक्त गर्नु भाषिक सम्पादनम, मातृभाषी बालकमा अन्तर्निहित भाषिक ज्ञान वा क्षमता नै भाषिक सामर्थ्य हो । सामर्थ्यका आधारमा भाषाको प्रयोग गर्दै जानु सिर्जनशीलता हो । मातृभाषी वक्ताको मस्तिष्कमा रहने भाषिक नियमहरूको समुच्चय वा सामर्थ्यका आधारमा भाषाको प्रयोग गर्दै जानु वा नयाँ नयाँ शब्दको उत्पादन गर्नु पनि सिर्जनशीलता हो ।

## ६.२ बालभाषा विकासमा पियाजेको सिद्धान्त

जिन पियाजे (Jean Piaget,1896-1980) स्वीस जीववैज्ञानिक, मनोवैज्ञानिक र दार्शनिक हुन् । उनले बाल मनोविज्ञानका क्षेत्रमा निकै लामो अध्ययन गरी बालकका जन्मदेखि वयस्कसम्मका विभिन्न विकासका चरणमा हुने ज्ञानात्मक विकासका प्राप्तिहरूको अध्ययन गरेका छन् । यसरी बालविकासका बारेमा अध्ययन अनुसन्धान उनैले गरेको हुनाले उनलाई विकासात्मक मनोवैज्ञानिक (Developmental Psychologist) पनि भनिन्छ । अर्को शब्दमा उनलाई बाल मनोविज्ञानका सिद्धान्तवेत्ता पनि भनिन्छ । उनको यो सिद्धान्तले बालभाषा अध्ययनमा ठुलो योगदान पुऱ्यायो ।

जिन पियाजे संज्ञानवाद (Cognitivism) का अनुयायी हुन् । संज्ञानको अर्थ ज्ञान, बोध, उपयोग, संश्लेषण, विश्लेषण र मूल्याङ्कन भन्ने हुन्छ । पियाजे ज्ञानात्मक क्षेत्रका मनोवैज्ञानिक भएको हुनाले उनको सिद्धान्त पनि ज्ञानात्मक विकासमा केन्द्रित छ । उनको यो सिद्धान्त शिक्षण-सिकाइ-अवस्थाको योजना निर्माणमा उपयोगी मानिन्छ । उनको यो सिद्धान्तले शिक्षा क्षेत्रमा कार्यरत शिक्षाविद्, योजनाकार र शिक्षकहरूलाई बाल बालिकाका धारणाहरू (Concepts) को अध्ययन गर्न र धारणाको विकासमा सहयोग पुग्ने कामहरू गर्न गराउन उपयोगी सिद्ध भएको छ । पियाजेले विकासात्मक मनोविज्ञानका क्षेत्रमा थुप्रै दस्तावेजहरू पनि प्रकाशित गरेको छन् । उनका यी प्रकाशनमा बालविकासका विविध चरण/अवस्थाको अध्ययन पनि गरिएको छ । उनको यो विकासात्मक सिद्धान्तलाई निर्माणवादी सिकाइको सिद्धान्त (Constructivism Approach to

Learning) पनि भनिन्छ । उनका सबै कार्यहरू बालविकासका मानसिक चिन्तन, धारणा निर्माण र क्रियात्मक कार्यहरूमा केन्द्रित छन् । उनका सबै कार्यहरू बालकदेखि यौवनावस्थासम्मका मानवीय सोंचाइ प्रक्रियासँग सम्बन्धित छन् । उनले सिकाइ प्रक्रियालाई मिलाउने काम वा आत्मीकरण (Assimilation), सम्झौता वा समायोजन (Accomodation) र अनुकूलन (Adaptation) भनेका छन् ।

पियाजेको विकासवादी सिद्धान्त अनुसार विद्यमान कार्यहरूमा नयाँ वस्तुहरू र अनुभवहरू सम्मिलित गर्ने प्रक्रियालाई आत्मीकरण वा मिलाउने काम भनिन्छ । अर्को शब्दमा भन्दा बालकले संसारलाई बुझ्ने काम वा बालकले नयाँ कुरा ग्रहण गर्ने प्रक्रिया नै आत्मीकरण हो । यसमा बालकले जति नयाँ वस्तु र नयाँ वातावरणको प्रयोग गर्दछ, त्यति नै ज्ञानात्मक कार्य (Cognitive Schema) पूरा गरेको मानिन्छ । यस कार्यको सफलताबाट बाल बालिकाहरूले विभिन्न शब्दहरू, कामहरू र संकेतहरूको प्रयोग वा सिकाइको कार्य पूरा गर्दछन् ।

बालकले वातावरणसँग आफ्ना अन्तर्क्रियाहरू वा क्रियाकलापहरू जारी राखेको अवस्थामा नयाँनयाँ सिकाइहरू/सोंचहरू/चिन्तनहरू प्राप्त हुने क्रममा पूर्व धारणा वा सोंचाइहरूमा मिल्नु पर्ने वा नयाँ अनुभव निर्माण गर्नु पर्ने वा पुरानो धारणामा परिवर्तन गर्नु पर्ने हुन्छ । यही नयाँ र पुरानो सोंचाइ वा धारणा बिचको मेल वा परिवर्तनका लागि अपनाइने निश्चित प्रक्रियालाई समायोजन भनिन्छ । बालक वा सिकारूले सिकाइका क्रममा अनेक प्रश्न गर्छ, प्रयोग गर्छ र नयाँनयाँ कुराको अभिव्यक्ति दिन्छ । यसो गर्दा उसले कतिपय सन्दर्भमा आफ्ना पूर्व अनुभवहरूसँग मिल्नु पर्दछ र कतिपय सन्दर्भमा नयाँनयाँ अनुभवहरू गर्दै जानुपर्दछ । यो प्रक्रिया निरन्तर अगाडि बढी रहेको हुन्छ । यसैलाई सम्झौता भनिन्छ ।

भइ रहेका कार्यहरूमा नयाँ अनुभवहरू निर्माण गर्नु आत्मीकरण हो भने नयाँ अनुभवमा आधारित भएर वा पूर्ववत् अनुभवहरूसँग मिलेर नयाँ अनुभव निर्माण गर्ने प्रक्रिया सम्झौता हो । यिनै नयाँ अनुभवहरूका आधारमा नयाँ वातावरणमा समायोजन हुन सक्नु अनुकूलन हो । यो अनुकूलनको अवस्था पनि स्थिर रही रहेको हुँदैन । जब बालकले आफ्ना गतिविधिहरू अगाडि बढाउँदै जान्छ, उसले नयाँनयाँ सोंचाइ वा धारणाको विकास गर्दै जान्छ । बालकमा भएको स्व (Self) र वातावरण बिचको सन्तुलन प्रक्रिया नै अनुकूलन हो । त्यसै गरी सिकारूले उच्च स्तरीय र तार्किक विश्लेषणका आधारमा वास्तविक धारणाको विकास वा निर्माण गर्नु नै सन्तुलन (Equilibrium) हो । सन्तुलनका आधारमा बालकले नयाँ ज्ञान आर्जन गर्नुका साथै परिवर्तनशील व्यक्तित्वको विकास गरेको हुन्छ ।

जिन पियाजेका अनुसार कुनै पनि बालकको संज्ञानात्मक विकास यिनै चार चरण 'आत्मीकरण (Assimilation), सम्झौता वा समायोजन (Accomodation),

अनुकूलन (Adaptation) र सन्तुलन (Equilibrium) का आधारमा भएको हुन्छ । उनले बालकको भाषा विकासक्रमलाई छुट्टै अध्ययन नगरे पनि यिनै आधारमा बालभाषा विकासको सम्भव देखिन्छ । उनको सन् १९२६ मा प्रकाशित बालकको भाषा र विकास (The Language and Thought of a Child) पुस्तकमा पनि यिनै बालभाषा विकास सम्बन्धी विषयमा चर्चा गरिएको छ ।

## निष्कर्ष

- जिन पियाजे स्वीस जीव वैज्ञानिक, मनोवैज्ञानिक र दार्शनिक हुन् ।
- जिन पियाजेले आफूलाई भौतिक संसारका ज्ञाता र तार्किक गणितज्ञका रूपमा स्थापित गरेका छन् ।
- पियाजेका अनुसार कुनै पनि बालकको संज्ञानात्मक विकास आत्मीकरण, सम्झौता वा समायोजन, अनुकूलन र सन्तुलनका आधारमा भएको हुन्छ ।
- जिन पियाजेले संज्ञानात्मक विकाससँगै भाषिक विकास हुने अवधारणालाई अघि सारेका हुन् ।
- ज्ञानात्मक विकासले मात्र भाषिक विकासलाई बढवा दिन्छ भन्ने तर्क उनको हो ।
- संज्ञानात्मक विकासका चरणहरूलाई पियाजेले चार (संवेदनीय गत्यात्मक, पूर्व क्रियात्मक, ठोस क्रियात्मक र औपचारिक क्रियात्मक अवस्था) चरणमा विभाजन गरेका छन ।
- जन्मजात क्षमता र वातावरणको अन्तरक्रियाबाट बालकमा बुद्धिको विकास हुन्छ । तसर्थ बुद्धिको विकास नै भाषा विकासको कारक हो भन्ने पियाजेको निष्कर्ष छ ।

## ६.२.१ आत्मकेन्द्री बोली

जिन पियाजेले बालकको संज्ञानात्मक विकास 'आत्मीकरण (Assimilation), सम्झौता वा समायोजन (Accomodation), अनुकूलन (Adaptation) र सन्तुलन (Equilibrium) का आधारमा भएको हुन्छ भनेका छन् । उनले बालकको भाषा विकासक्रमलाई छुट्टै अध्ययन नगरे पनि यिनै आधारमा बालभाषा विकासको सम्भव देखिन्छ । उनको सन् १९२६ मा प्रकाशित 'बालकको भाषा र विकास' (The language and Thought of a child) पुस्तकमा पनि यिनै बालभाषा विकास सम्बन्धी विषयमा चर्चा गरिएको छ । उनले बालकमा संज्ञानात्मक विकाससँगै आत्मकेन्द्री बोलीको विकास हुने अवधारणालाई अघि सारेका हुन् । उनको भनाइमा बालकको 'स्व' सित सम्बद्ध बोलीलाई आत्मकेन्द्री बोली भनिन्छ ।

जिन पियाजेले बालकको दुई वर्षदेखि करिब ७ वर्षको अवधिलाई पूर्व क्रियात्मक अवस्था भनेका छन् । यो अवधि भाषाप्राप्तिका दृष्टिले ज्यादै महत्वपूर्ण मानिन्छ र यो अवधिमा बालकको भाषिक विकास पनि तीव्र गतिमा भएको हुन्छ । यो अवधिमा बालकहरू आत्म केद्रित र विभिन्न सङ्केतहरू बुझ्न सक्ने भएका हुन्छन् । यो समयमा बाल बालिका केही हठी स्वभावका पनि देखिन्छन् । यो चरणमा उनीहरू आफ्नो पूर्व धारणामा परिवर्तन गर्न पनि चाहँदैनन् । मानौ उड्ने सबै पंक्षीलाई चरी भनेर बुझेका बालक यो अवधिमा पनि ढुकुर, परेवा सबैलाई चरी नै भनेर सम्बोधन गर्न रूचाउँछन् । बालकले प्रयोग गर्ने यो उमेरको भाषालाई आत्मकेन्द्री बोली पनि भनिन्छ । यो उमेरका बालक पूर्वधारणाका आधारमा वस्तुको नाम बताउन, अरूको अभिव्यक्ति बुझ्न र आन्तरिक वाक्यलाई बाह्य संरचनामा अभिव्यक्त गर्न सक्षम हुन्छन् । यो उमेर समूहका बालकहरू विगतका घटनाहरू सम्झन, वर्तमानका घटना बताउन र भविष्यका कुराहरू अनुमान गर्नसक्ने भइसकेका हुन्छन् ।

पियाजेले आत्मकेन्द्री बोलीलाई निम्न तिन प्रकारले समेटेका छन्, जस्तै–

**क.** **अव्यवस्थित बोली**: सामाजिक गतिविधिसँग असम्बन्धित बोली वा सामाजिक समायोजनविनाको बोली ।

**ख.** **एकालापः** केटाकेटीहरू कहिले काहीँ अरूको कुनै चासो नराखी आफैसँग एकालाप, आत्मभाषण वा कुराकानी गरी रहेका हुन्छन् ।

**ग.** **सामूहिक वार्तालापः** कहिले काही दुईभन्दा बढी केटाकेटीहरू खेली रहेको अवस्थामा आपसमा कुराकानी वा संवाद त गरी रहेका हुन्छन् तर एकको संवादप्रति अर्कोले ध्यान दिएको हुँदैन । बाहिरबाट हेर्दा आपसमा सामूहिक वार्तालाप गरे जस्तो देखिए पनि उनीहरू आफ्नै धुनमा वार्तालाप गरी रहेका हुन्छन्, जुन आत्मकेन्द्री बोली अन्तर्गत नै पर्दछ ।

पियाजेले बालकको आत्मकेन्द्री बोलीलाई बाह्य संसारप्रतिको वेवास्ता वा अनभिज्ञता पनि भनेका छन् । बाल बालिकाहरूले संसारलाई हेर्ने र बुझ्ने दृष्टिकोण पनि आफ्नै प्रकारको हुन्छ । पियाजेका यी आत्मकेन्द्री बोलीमा केही फरक दृष्टिकोण भिगोत्स्कीले राखेका छन् । पियाजेका मान्यतासँग धेरै कुरामा सहमत हुँदाहुँदै पनि भिगोत्स्की (Vygotsky) ले आत्मकेन्द्री बोलीका सम्बन्धमा केही फरक मत राख्न पुगेका हुन् । **भिगोत्स्कीले** पूर्वविद्यालय अवस्थाका बाल वालिकाको समष्टिगत भाषिक उपलब्धिलाई आत्मकेन्द्री बोली मानेका छन् । त्यसै गरी उनले बाल बालिकालाई निराश बनाइयो अथवा उनको बोलीमा अवरोध खडा गरियो भने बाल बालिकामा आत्मकेन्द्री बोलीको विकास हुन्छ भनेका छन् । भिगोत्स्कीले भाषालाई कार्य निर्देशन गर्ने साधनको रूपमा लिएका छन् । पियाजेले बालकमा भाषा विकासका निम्ति संज्ञानात्मक विकासलाई आवश्यक पूर्वाधार मान्दछन् । भिगोत्स्कीले शब्दभण्डारको विकासमा संज्ञानात्मक विकासको आवश्यकता ठान्दैनन् । त्यसै गरी पियाजेले भाषाभन्दा पहिले नै बालकमा

सामाजिक अवधारणाको विकास हुन्छ भन्ने तर्क राखेका छन् भने भिगोत्स्कीले भाषाद्वारा विचारको विकास हुन्छ अथवा भाषिक उपकरणबाट बालकमा सामाजिक वा सांस्कृतिक अनुभवको विकास हुन्छ भन्ने तर्क राखेका छन् । सिकाइलाई पियाजेले मानसिक, शारीरिक र अनुभवहरूको उपज मानेका छन् भने भिगोत्स्कीले भाषा र सामाजिक अन्तर्क्रियाको उपज मानेका छन् ।

**निष्कर्ष**

- बालकको संज्ञानात्मक विकासको दोस्रो चरण वा पूर्वक्रियात्मक अवस्थाको बोलीलाई आत्मकेन्द्री बोली भनिन्छ ।
- आत्मकेन्द्री बोलीमा स्रोताको रूचिप्रति ध्यान दिइँदैन ।
- बालकमा संज्ञानात्मक विकाससँगै आत्मकेन्द्री बोलीको विकास हुन्छ ।
- अरूका निम्ति लक्षित नगरिएको वा श्रोताप्रति वेवास्ता गरिएको बोली आत्मकेन्द्री बोली हो ।
- बालकले आफ्नै मनभित्रको काल्पनिक व्यक्तिलाई द्वितीय पुरूष सम्झेर सम्बोधन गर्छ तर वास्तविक द्वितीय पुरूषलाई बुझ्न वा सम्बोधन गर्न सक्दैन ।

## ६.२.२ भाषा बारे पियाजेको दृष्टिकोण

जिन पियाजे एक प्रसिद्ध संज्ञानवादी मनोवैज्ञानिक हुन् । उनले बाल बालिकामा विकसित हुने सोंचाइ र भाषिक विकासका सम्बन्धमा अध्ययन गरेका थिए । उनका अनुसार बालकले संसारलाई बुझ्ने काम वा बालकले नयाँ कुरा ग्रहण गर्ने प्रक्रिया नै आत्मीकरण हो । यसमा बालकले जति नयाँ वस्तु र नयाँ वातावरणको प्रयोग गर्दछ, त्यति नै संज्ञानात्मक कार्य पूरा गरेको मानिन्छ । यस कार्यको सफलताबाट बाल बालिकाहरूले विभिन्न शब्दहरू, कामहरू र संकेतहरूको प्रयोग वा सिकाइको कार्य पूरा गर्दछन् । बालकले वातावरणसँग आफ्ना अन्तर्क्रियाहरू जारी राखेको अवस्थामा नयाँ नयाँ सिकाइहरू वा सोंचहरू प्राप्त गरी रहेको हुन्छ । बालकले आत्मीकरणको प्रक्रियाबाट नयाँ अनुभवहरू निर्माण गरी रहेको हुन्छ भने यिनै नयाँ अनुभवहरूका आधारमा नयाँ वातावरणमा समायोजन हुन सक्नु अनुकूलन हो । यो अनुकूलनको अवस्था पनि स्थिर रही रहेको हुँदैन । जब बालकले आफ्ना गतिविधिहरू अगाडि बढाउँदै जान्छ, उसले नयाँनयाँ सोंचाइ वा धारणाको विकास गर्दै जान्छ । बालकमा भएको स्व (self) र वातावरण बिचको सन्तुलन प्रक्रिया पनि अनुकूलन हो । त्यसै गरी सिकारूले उच्च सतरीय र तार्किक विश्लेषणका आधारमा वास्तविक धारणाको विकास वा निर्माण गर्नु सन्तुलन हो । सन्तुलनका आधारमा बालकले नयाँ ज्ञान आर्जन गर्नुका साथै परिवर्तनशील व्यक्तित्वको विकास गरेको हुन्छ । यही आत्मीकरण, समायोजन, अनुकूलन र सन्तुलनको समष्टिगत योग नै पियाजेको संज्ञानवाद हो ।

जिन पियाजेले संज्ञानात्मक विकाससँगै भाषिक विकास हुने अवधारणालाई अघि सारेका हुन् । उनको यो सिद्धान्तले भाषा वैज्ञानिक र मनोवैज्ञानिकहरूलाई एउटा बालकको भाषिक र संज्ञानात्मक विकास के कसरी हुन्छ भन्ने विषयमा अध्ययन गर्न सहज गराएको छ । तर उनको यो सिद्धान्त आलोचनाबाट मुक्त भने छैन । सपियर होर्फले भाषाले धारणाको विकास गर्छ भन्ने तर्क राख्दछन् भने जिन पियाजे र भिगोत्स्कीले धारणा वा संज्ञानले भाषाको विकास गर्दछ भन्ने तर्क राख्दछन् । जिन पियाजेको बालकलाई हेर्ने दृष्टिकोण जैविक पृष्ठभूमिमा आधारित छ । उनले आफ्नो अध्ययनमा भाषालाई तथ्याङ्कको स्रोतका रूपमा मात्र उपयोग गरेका छन् । त्यसैले उनलाई भाषाप्रति ध्यान नदिएको भनेर आलोचना पनि गरिएको छ । पियाजेले भाषिक विकासको समग्र प्रक्रियामा संज्ञानात्मक विकासलाई श्रेष्ठ मानेका छन् । संज्ञानात्मक विकासले मात्र भाषिक विकासलाई बढवा दिन्छ भन्ने तर्क उनको हो ।

**पियाजेले दुईदेखि सात वर्ष उमेरको बालकले प्रयोग गर्ने भाषालाई आत्मकेन्द्री बोली** भनेका छन् । यो उमेरका बालक पूर्वधारणाका आधारमा वस्तुको नाम बताउन, अरूको अभिव्यक्ति बुझ्न र आन्तरिक वाक्यलाई बाह्य संरचनामा अभिव्यक्त गर्न सक्षम हुन्छन् । यो उमेर समूहका बालकहरू विगतका घटनाहरू सम्झन, वर्तमानका घटना बताउन र भविष्यतका कुराहरू अनुमान गर्नसक्ने भइसकेका हुन्छन् । पियाजेले आत्मकेन्द्री बोलीलाई पनि अव्यवस्थित, एकालाप र सामूहिक वार्तालाप गरी तिन प्रकारले समेटेका छन् । बालकको अव्यवस्थित बोली सामाजिक गतिविधिसँग असम्बन्धित भएर आएको हुन्छ । त्यसै गरी केटाकेटीहरू कहिले काहीँ अरूको कुनै चासो नराखी आफैसँग एकालाप, आत्मभाषण वा कुराकानी गरी रहेका हुन्छन् । कहिले काही दुईभन्दा बढी केटाकेटीहरू आपसमा सामूहिक वार्तालाप वा कुराकानी गरी रहेका हुन्छन् तर एकको संवादप्रति अर्कोले ध्यान दिएको हुँदैन । बाहिरबाट हेर्दा आपसमा सामूहिक वार्तालाप गरे जस्तो देखिए पनि उनीहरू आफ्नै धुनमा वार्तालाप गरी रहेका हुन्छन् । यी सबै आत्मकेन्द्री बोलीका उदाहरण हुन् । आत्मकेन्द्री बोलीमा केटाकेटीहरू आफूसँगै कुरा गर्ने र खेलका रूपमा रमाउने गर्दछन् । पियाजेले आत्केन्द्री बोलीलाई असामाजिक बोली भनेका छन् । सामाजिक बोली भाषिक सञ्चारका लागि गरिन्छ भने यो असामाजिक वा आत्मकेन्द्री बोली केटाकेटी खेलका रूपमा प्रयोग भएको हुन्छ । यसमा भाषिक सञ्चार हुँदैन ।

पियाजेका अनुसार भाषा विचारको बाहक हो । भाषाले विचार वा संज्ञानलाई जन्म दिने नभइ प्रतिबिम्वित मात्र गरेको हुन्छ । तसर्थ बालकमा संज्ञानात्मक विकास हुँदै जाँदा भाषिक विकास पनि हुँदै जान्छ । भाषाको प्रयोग केवल मस्तिष्कमा उत्पन्न धारणा र विचारको अभिव्यक्तिका निम्ति भएको हुन्छ ।

## ६.३ भाषा विकास र संज्ञानात्मक विकास

जिन पियाजेले बालकको संज्ञानात्मक विकाससँगै भाषिक विकास पनि हुँदै जान्छ भनेका छन् । संज्ञानात्मक विकास भन्नाले बालकको वातावरणसँग बोध, ज्ञान, उपयोग, संश्लेषण, विश्लेषण र मूल्याङ्कन क्षमतामा वृद्धि हुने प्रक्रिया हो । संज्ञानात्मक विकासले बालकको भाषिक सामर्थ्यमा प्रभाव पारेको हुन्छ । बालकले अनुभव र वातावरणबाट ज्ञान प्राप्त गर्दै जान्छ । यही ज्ञान नै संज्ञानात्मक विकास हो । कुनै बालकले 'ढुकुर' लाई 'चरी' भनेर बुझेको छ भनेपछि उसले 'चरो' भन्नाले ढुकुर, कोइली, जुरेली आदि सबैलाई छुट्टाछुट्टै नामले चिन्दछ । यसको मुख्य कारण भनेकै संज्ञानात्मक विकासले भाषामा पारेको प्रभाव हो । तसर्थ भाषिक विकास र संज्ञानात्मक विकास छुट्टाछुट्टै प्रक्रिया हुन् तापनि यी दुईको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ ।

जिन पियाजेले संज्ञानात्मक विकासका चरणहरू अनुकूलन (Adaptation) का विभिन्न रूपहरूसँग सम्बन्धित हुन्छन् भनेका छन् । अनुकूलनका रूपहरू पनि एकैनास र एकै प्रकृतिका हुँदैनन् । यिनीहरू गुणात्मक प्रकृतिका र भिन्न भिन्न स्वरूपका हुन्छन् । बालकका अनुकूलन कार्य पनि संज्ञानात्मक विकास अनुसार हुने गर्दछन् । बालकको यो अनुकूलन कार्य बालविकासको एक चरणबाट अर्को चरणमा प्रवेश गर्नसाथ व्यवहारमा परिवर्तन आउन थाल्छ । यिनै संज्ञानात्मक विकासका चरणहरूलाई पियाजेले निम्न चार चरणमा विभाजन गरेका छन् (रेग्मी, २०६८: २९०):

**क. संवेदनीय गत्यात्मक अवस्था** (Sensorimotor Stage)

बालकको जन्मदेखि दुई वर्षसम्मको अवस्था वा उमेरलाई संवेदनीय गत्यात्मक चरण वा चेतना क्रियाको अनुकूलन (Sensorimotor Adaptation) को अवस्था मानिएको छ । यो अवस्थामा बालकले तत्कालीन संवेदनाको माध्यमबाट आफ्ना शारीरिक चाहानाहरूको सन्तुष्टी प्राप्त गर्दछ । यो उमेरका बालकले आफूले प्रत्यक्ष देखेका, सुनेका, अनुभव गरेका विषयमा मात्र विश्वास राख्दछ । यो उमेरको बालकमा विगत र भविष्यको विषयमा सोंच्ने र सम्झने क्षमता हुँदैन भने उसले आफू र वातावरण बिचको फरक छुट्याउन पनि सक्दैनन् । बरू यो उमेरमा बालकले जानी नजानी भाषिक रूपमा आफ्ना अनुभूति व्यक्त गर्न र केही साधारण कुराहरू बुझ्न थाल्छ । यो दुई वर्षसम्मको अवधिलाई पियाजेले १, ४, ८, १२, १८ र २४ महिना गरी छवटा उपचरणमा विभाजन गरेका छन् । यी उपचरणमा पनि बालकले फरक फरक प्रतिक्रियाहरू देखाउन सक्छन् ।

**ख. पूर्व क्रियात्मक अवस्था** (Pre-operational Stage)

**दुई वर्षदेखि झण्डै सात** वर्षको अवधिलाई बालकको पूर्व क्रियात्मक अवस्था मानिएको छ । यो अवधिका बालकको भाषिक विकास तीव्र गतिमा

भएको हुन्छ । यो अवधिमा बालकहरू आत्म केन्द्रित र विभिन्न सङ्केतहरू बुझ्न सक्ने हुनाले केही हठी स्वभावका पनि देखिन्छन् । उनीहरू आफ्नो पूर्व धारणामा परिवर्तन गर्न चाहँदैनन् । उड्ने सबै पंक्षीलाई चरी भनेर बुझेका बालक यो अवस्थामा पनि ढुकुर, परेवा सबैलाई चरी नै भनेर सम्बोधन गर्न रूचाउँछन् । बालकले प्रयोग गर्ने यो उमेरको भाषालाई आत्म केन्द्री बोली पनि भनिन्छ । यो उमेरका बालक पूर्वधारणाका आधारमा वस्तुको नाम बताउन, अमूर्त धारणा बुझ्न, अरूको अभिव्यक्ति बुझ्न र आन्तरिक वाक्यलाई बाह्य संरचनामा अभिव्यक्त गर्न सक्षम हुन्छन् । यो उमेर समूहका बालकहरू विगतका घटनाहरू सम्झन, वर्तमानका घटना बताउन र भविष्यतका कुराहरू अनुमान गर्नसक्ने भइसकेका हुन्छन् ।

### ग. ठोस क्रियात्मक अवस्था (Concrete Operational Stage)

जिन पियाजेले बालकको **सातदेखि बाह्र** वर्षसम्मको उमेरलाई ठोस क्रियात्मक अवस्था मानेका छन् । यो अवधिमा बालक पूर्ण भाषिक अभिव्यक्ति दिन, कुनै वस्तु वा विषयका बारेमा बताउन, कुनै वस्तुको वर्गीकरण गर्न, तार्किक बहस गर्न, सिकाइका नियमहरू बताउन र अमूर्त धारणा बताउन सक्षम भइसकेको हुन्छ । यो अवस्थामा बालकको आत्मकेन्द्री (Egocentric) भावना पनि हराइ सकेको हुन्छ । यो उमेरका बालकमा सामाजिक उत्तरदायित्व बहनको क्षमता बढ्नुका साथै आपसी सहयोग र प्रतिस्पर्धाको भावना समेत विकास भएको हुन्छ ।

### घ. औपचारिक क्रियात्मक अवस्था (Formal Operational Stage)

जिन पियाजेले बालकको १२ वर्षभन्दा माथिको उमेरलाई औपचारिक क्रियात्मक अवस्था भनेका छन् । यो अवस्थामा बालकमा उद्देश्यमूलक सोंचाइको विकास हुन थाल्छ । यो अवधिमा बालकले जटिल समस्याहरूमा समेत तर्क गर्नसक्ने भएका हुन्छन् । यो उमेरमा उनीहरू आफूले बोलेका कुराहरूमा विचार गर्ने, आफ्नो भविष्यका बारेमा सोंच्ने, समस्याका सम्भावित परिणाहरू निकाल्ने, राम्रो र नराम्रो छुट्याउन सक्ने, समस्यालाई बुझ्ने, समस्याको सम्भावित उपायहरूको खोजी गर्नसक्ने भएका हुन्छन् । यो अवस्थाका बालकमा भाषिक सामर्थ्य र सम्पादन क्षमताको पनि पूर्ण विकास भएको हुन्छ । तसर्थ उनीहरू आफ्नो चिन्तालाई तुलना, सामान्यीकरण र विभेदीकरण गर्न पनि सक्छन् । साथै यो उमेरमा बाल बालिकाले अमूर्त अवधारणा बनाउन, वास्तविक्ता भन्दा फरक परिकल्पना गर्न र तार्किक अनुमान गर्न पनि सक्छन् ।

यसरी जिन पियाजेले संज्ञानात्मक विकाससँगै भाषिक विकास हुने अवधारणालाई अघि सारेका हुन् । उनको यो सिद्धान्तले भाषा वैज्ञानिक र मनोवैज्ञानिकहरूलाई एउटा बालकको भाषिक र संज्ञानात्मक विकास के कसरी हुन्छ भन्ने विषयमा अध्ययन गर्न सहज गराएको छ । तर उनको यो सिद्धान्त

आलोचनाबाट मुक्त भने छैन । सपियर होर्फले भाषाले धारणाको विकास गर्छ अथवा भाषिक संरचनाले सामाजिक संरचनालाई प्रभाव पार्छ भन्ने तर्क राख्दछन् भने जिन पियाजे र भिगोत्स्कीले धारणा वा संज्ञानले भाषाको विकास गर्दछ भन्ने तर्क राख्दछन् । जिन पियाजेको बालकलाई हेर्ने दृष्टिकोण नै जैविक पृष्ठभूमिका आधारित छ । उनले आफ्नो अध्ययनमा भाषालाई तथ्याङ्कको स्रोतका रूपमा मात्र उपयोग गरेका छन् । त्यसैले उनलाई भाषाप्रति ध्यान नदिएको भनेर आलोचना पनि गरिएको छ । हुन पनि पियाजेले भाषिक विकासको समग्र प्रक्रियामा संज्ञानात्मक विकासलाई श्रेष्ठ मानेका छन् । संज्ञानात्मक विकासले मात्र भाषिक विकासलाई बढवा दिन्छ भन्ने तर्क उनको हो ।

## निष्कर्ष

- भाषाप्राप्तिमा संज्ञानात्मक विकास र सामाजिक वातावरणको आवश्यकता हुन्छ ।
- पियाजेको बुझाइमा बालकमा संज्ञानको विकास जन्मजात क्षमता र वातावरणको अन्तरक्रियाबाट हुन्छ भने भाषा सामाजिक वातावरणबाट आर्जित सम्पति हो ।
- पियाजेका अनुसार कुनै पनि बालकमा संज्ञानात्मक विकास 'आत्मीकरण, सम्झौता वा समायोजन, अनुकूलन र सन्तुलनका आधारमा भएको हुन्छ ।
- जिन पियाजेले संज्ञानात्मक विकाससँगै भाषिक विकास हुने अवधारणालाई अघि सारेका हुन् ।
- संज्ञानात्मक विकासले मात्र भाषिक विकासलाई बढवा दिन्छ ।

## ६.४ चोम्स्की र पियाजेका भाषा विकास सम्बन्धी सिद्धान्तको तुलना

अब्राहम नोम चोम्स्की र जिन पियाजे दुबै आधुनिक भाषा विज्ञानका क्षेत्रमा देखिएका महान विद्वान् हुन् । दुबैले व्यवहारवाद र अनुभववादको विरोध गरेका छन् भने दुबै मनोवादी सिद्धान्त र बुद्धिवादमा विश्वास गर्दछन् । दुबैले भाषा अनुभव र व्यवहार तथा प्रयत्न र भूलको सिद्धान्तबाट सिकिन्छ भन्ने कुरामा विश्वास गर्दैनन् । भाषा विकासमा बुद्धिको सम्बन्ध रहने कुरामा पनि दुबैको सहमत देखिन्छ । यति हुँदाहुँदै पनि जिन पियाजेले भाषा विकास बौद्धिक विकासको सापेक्षतामा हुन्छ, भाषाप्राप्तिमा संज्ञानात्मक विकास र सामाजिक वातावरणको आवश्यकता हुन्छ, बालकमा संज्ञानात्मक विकास 'आत्मीकरण, सम्झौता, अनुकूलन र सन्तुलन' का आधारमा भएको हुन्छ र संज्ञानात्मक विकासले मात्र भाषिक विकासलाई बढवा दिन्छ भन्ने धारणा चोम्स्कीको भाषा विकासको सिद्धान्तपूर्व नै राखी सकेका थिए । जिन पियाजेको सिद्धान्तलाई स्वीकार गरेर पनि नोम चोम्स्कीले मानिसले जन्मजात रूपमा भाषा सिक्ने सामर्थ्य लिएर आएको हुन्छ, बालकको मस्तिष्कमा 'भाषाप्राप्तिको संयन्त्र (ल्याड)' रहेको हुन्छ । भाषाका नियमहरू मस्तिष्कमा अमूर्त रूपमा रहेका हुन्छन् र आन्तरिक संरचना सबै भाषाको समान हुन्छ भन्ने नयाँ तथ्यको खोजी गरे । यी दुबै

भाषा वैज्ञानिकहरूको सिद्धान्तमा धेरै कुराको समानता हुँदाहुँदै पनि निम्न केही कुरामा भिन्नता पाइन्छः

**चोम्स्की र पियाजेको सिद्धान्तमा भिन्नता**

| अव्राहम नोम चोम्स्की (Avram Noam Chomsky, 1928) | जिन पियाजे (Jean Piaget 1896-1980) |
|---|---|
| १. नोम चोम्स्की अमेरिकी आधुनिक भाषा विज्ञान र मनोभाषा विज्ञानका पिता हुन्, | १. जिन पियाजे स्वीस जीव विज्ञान, बाल मनोविज्ञान र दर्शन शास्त्रका ठुला विद्वान् हुन् । |
| २. चोम्स्कीले भाषा विज्ञानको सिद्धान्तको अध्ययन गरे । | २. पियाजेले संज्ञानात्मक विकास सिद्धान्तको अध्ययन गरे । |
| ३. चोम्स्कीले बालकमा भाषा सिक्ने सामर्थ्य जन्मजात हुन्छ भन्ने तर्क अगाडि सारे । | ३. पियाजेले बालकमा भाषा सिक्ने क्षमता जन्मजात नभएर संज्ञानात्मक विकाससँगै हुन्छ भन्ने तर्क राखे । |
| ४. चोम्स्कीले बालकले ल्याड वा भाषाप्राप्ति संयन्त्रका कारणले भाषा सिक्छ भन्दछन् | ४. पियाजेले बालकले बौद्धिक क्षमताका कारणले भाषा सिक्छ भन्ने कुरामा विश्वास गर्दछन् । |
| ५. चोम्स्कीले भाषाको आन्तरिक र बाह्य संरचनाका आधारमा भाषिक सार्वभौमिकताको खोजी गरेका छन् | ५. पियाजेले वातावरणका आधारमा भाषिक सार्वभौमिकताको स्वीकार गरेका छन् । |
| ६. चोम्स्कीले बालकमा भाषा विकासको स्रोत जन्मजात क्षमतालाई मान्दछन् । | ६. पियाजेले बालकमा भाषा विकासको स्रोत संज्ञानात्मक विकासलाई मान्दछन् । |
| ७. चोम्स्कीले भाषिक संरचना र सञ्चार प्रणालीलाई बढी जोड दिन्छन् । | ७. पियाजेले बौद्धिक क्षमतालाई बढी जोड दिन्छन् । |
| ८. चोम्स्कीले भाषा सिक्ने सिप र अन्य सिप आर्जन क्षमतालाई फरक फरक ढंगले हेरेका छन् । | ८. पियाजेले सबै सीप आर्जनको प्रक्रियालाई एउटै हुने बताएकाछन् |
| ९. चोम्स्कीले भाषालाई सम्प्रेषण सामर्थ्यको विषय र सीमित नियमबाट असीमित वाक्य उत्पादन गर्न सकिने विषयका रूपम हेर्छन् । | ९. पियाजेले भाषालाई बौद्धिक क्षमताको विषय मान्दछन् । |
| १०. चोम्स्कीले भाषाको द्विस्तरीय संरचना (आन्तरिक र बाह्य) को स्वीकार गर्दछन् | १०. पियाजेले भाषाको एउटै संरचनालाई मात्र स्वीकार्छन् । |
| ११. चोम्स्कीले भाषा विकासमा भाषाकै आन्तरिक संरचना र भाषाप्राप्ति संयन्त्रले प्रमुख भूमिका खेल्ने ठान्छन्। | ११. पियाजेले भाषा विकासमा वातावरणको भूमिकालाई महत्वपूर्ण ठान्छन् । |
| १२. चोम्स्कीले भाषिक सार्वभौमिकताको खोजी गरेका छन् । | १२. पियाजेले संज्ञानात्मक सार्वभौमिकताको खोजी गरेका हुन् |
| १३. चोम्स्कीले भाषिक सिर्जनशीलता, भाषिक सामर्थ्य र भाषिक सार्वभौमिकताको विषयमा बढी जोड दिन्छन् । | १३. पियाजेले संज्ञानात्मक विकास र संज्ञानात्मक सार्वभौमिकताको विषयमा बढी जोड दिन्छन् । |

यसरी चोम्स्की र पियाजेको सैंद्धान्तिक पृष्ठभूमि र अध्ययन क्षेत्रमा केही भिन्नता हुँदाहुँदै पनि दुबैको भाषा विकासको अध्ययनमा उत्तिकै योगदान र वैचारिक समानता देखिन्छ ।

## ६.५ बालकमा भाषा विकासका चरण र तिनका विशेषताहरू

जिन पियाजेले बालकको संज्ञानात्मक विकासका चरणहरूलाई चार चरणमा विभाजन गरेका छन् । ती प्रत्येक चरणका छुट्टाछुट्टै विशेषताहरू पनि पाइन्छन् । उनका अनुसार बालकको जन्मदेखि दुई वर्षसम्मको अवस्था वा उमेरलाई **संवेदनीय गत्यात्मक** चरण वा चेतना क्रियाको अनुकूलनको चरण मानिएको छ । यो चरणका विशेषताहरूमा बालकले तत्कालीन संवेदनाको माध्यमबाट आफ्ना शारीरिक चाहनाहरूको सन्तुष्टी प्राप्त गर्दछ । यो उमेरका बालकले आफूले प्रत्यक्ष देखेका, सुनेका, अनुभव गरेका विषयमा मात्र विश्वास राख्दछ । यो उमेरको बालकमा विगत र भविष्यको विषयमा सोंच्ने र सम्झने क्षमता हुँदैन भने उसले आफू र वातावरण बिचको फरक छुट्याउन पनि सक्दैन ।

त्यसै गरी **दुई वर्षदेखि झण्डै सात** वर्षको अवधिलाई बालकको पूर्व क्रियात्मक चरण मानिएको छ । यो अवधिका बालकको भाषिक विकास तीव्र गतिमा भएको हुन्छ । यो अवधिमा बालकहरू आत्म केन्द्रित र विभिन्न सङ्केतहरू बुझ्न सक्ने हुनाले केही हठी स्वभावका पनि देखिन्छन् । उनीहरू आफ्नो पूर्व धारणामा परिवर्तन गर्न चाहँदैनन् ।

जिन पियाजेले बालकको **सातदेखि बाह्र** वर्षसम्मको उमेरलाई ठोस क्रियात्मक चरण मानेका छन् । यो अवधिमा बालक पूर्ण भाषिक अभिव्यक्ति दिन, कुनै वस्तु वा विषयका बारेमा बताउन, कुनै वस्तुको वर्गीकरण गर्न, तार्किक बहस गर्न, सिकाइका नियमहरू बताउन र अमूर्त धारणा बताउन सक्षम भइसकेको हुन्छ ।

जिन पियाजेले बालकको १२ वर्षभन्दा माथिको उमेरलाई औपचारिक क्रियात्मक चरण भनेका छन् । यो अवस्थामा बालकमा उद्देश्य मूलक सोंचाइको विकास हुन थाल्छ । यो अवधिमा बालकले जटिल समस्याहरूमा समेत तर्क गर्नसक्ने भएका हुन्छन् । यो उमेरमा उनीहरू आफूले बोलेका कुराहरूमा विचार गर्ने, आफ्नो भविष्यका बारेमा सोंच्ने, समस्याका सम्भावित परिणामहरू निकाल्ने, राम्रो र नराम्रो छुट्याउन सक्ने, समस्यालाई बुझ्ने अनि समस्याको सम्भावित उपायहरूको खोजी गर्नसक्ने भएका हुन्छन् । यो अवस्थाका बालकमा भाषिक सामर्थ्य र सम्पादन क्षमताको पनि पूर्ण विकास भएको हुन्छ । उनीहरू आफ्नो समस्यालाई तुलना, सामान्यीकरण र विभेदीकरण गर्न पनि सक्छन् ।

बालकको भाषा विकासका चरणहरू र तिनका भाषिक विशेषताहरूलाई केलाउँदा बालकमा सबैभन्दा पहिले बोध क्षमताको विकास भएको हुन्छ । जन्मेको तिन महिनापछि बालकले ठुलो मान्छेको मुखमा हेरेर मुस्कुराउन थालेको हुन्छ भने छ महिनापछि बलकले एक शब्दे वाक्य उच्चारण गर्न थालेको हुन्छ । त्यसै गरी

दुई वर्षपछि बालकले दुई शब्दसम्मको वाक्य निर्माण गर्न र शब्द निर्माण गर्नसक्छ । यसरी बालकको भाषा विकासको चरणलाई बोध तह, उच्चारण तह, वाक्य निर्माण तह र शब्द निर्माण तह गरी चार तह वा चरणमा विभाजन गरेर पनि तिनका भाषिक विशेषताहरूको खोजी गर्न पनि सकिन्छ । तर सबै बालकमा एउटै गतिमा भाषिक विकास नहुने हुँदा भाषा विकासका चरण र तिनका विशेषताहरूको खोजी गर्न सहज छैन ।

बालकको भाषा विकासमा उमेर, बातावरण, भाषिक पृष्ठभूमि, शारीरिक अवस्था, शैक्षिक सामग्री, प्रतिभा, उत्प्रेरणा, अभिप्रेरणा, लैङ्गिक विभेद आदि तत्वहरूले सकारात्मक वा नकारात्मक प्रभाव पारेका हुन्छन् । यी बाहेक पनि भाषाको प्रकृति, भाषिक परिवार, भाषिक प्रयोक्ताको दृष्टिकोण, भाषाको आवश्यकता, भाषा प्रयोगशाला, भाषा प्रशिक्षक आदि पक्षले पनि भाषाप्राप्तिमा प्रभाव पारेका हुन्छन् । भाषा विकासका मुख्य दुई चरणको तल चर्चा गरिएको छः

## ६.५.१ प्रारम्भिक चरणहरू

बालक जन्मिएको केही समयमै च्याँ गरेर रून थाल्छ । बालक रूनु पनि भाषिक सम्प्रेषणको एउटा माध्यम हो । यही रूवाइ नै बालकको प्रथम मौखिक अभिव्यक्ति मानिन्छ । भाषिक दृष्टिले बालक जन्मेदेखि दुई वा अढाइ वर्ष पुग्दासम्मको अवधिलाई **प्रारम्भिक चरण वा पूर्ववर्ती चरणका** नामले चिनिन्छ । यो अवधिमा बालक रूने, कराउने, तुताउने, एक शब्दे वाक्य प्रयोग गर्ने र दुई शब्दे अव्याकरणिक वा टेलिग्राफिक वाक्यको प्रयोग गर्ने गर्दछ (अधिकारी, २०५६) ।

बालक जन्मिएको करिब दुई महिनासम्म त रून र कराउनमै सीमित रहन्छ । दुई महिनापछि क्रमशः बालक स्वरयन्त्रको उपयोग गरी 'आ, अ, उ, आँ, उँ, अँ, आदि स्वर र 'हा, हु, हँ, गु, गुँ, ' आदि एक अक्षरीय व्यञ्जन ध्वनिको आवाज निकाल्न थाल्छ । नवजात शिशुको आकस्मिक रूपमा निस्किने यी अभाषिक आवाजमा पनि खुसी र बेखुसीका भावहरू भने स्पष्ट रूपमा झल्किएका हुन्छन् । बालक चार महिना पुगेपछि एकभन्दा बढी आक्षरिक प्रकृतिका आवाजहरू उत्पादन गर्न थाल्दछ । यो अवधिमा बालकले अभिभावकको आवाजको चाल सुन्ने, मुखमा हेरेर अस्पष्ट कुरा गर्ने, आवाजसँग खेल्ने र रमाउने समेत गर्दछ । उच्चारण अवयवहरू पूर्ण विकसित भइ नसकेको हुनाले अर्थपूर्ण भाषिक उच्चारण नगरे पनि बालकले यो अवधिमा 'पाप्पा, बाब्बा, बुब्बु, दादा' आदि आवाज निकाल्ने र अभिभावकले भाषिक अर्थ लगाउने गरेको पाइन्छ । यो अवधि बालकको भाषा विकासको पूर्वाभ्यासको चरण मानिन्छ । यतिबेला बालकले अभिभावकको आवाजसँगै मुखाकृति हेरेर उनीहरूको खुसी र बेखुसीको भाव बुझ्न सक्छ भने मौखिक आवाजसँगै शारीरिक अवयवहरूको सञ्चालन (हात, खुट्ट र मुखाकृति) बाट आफ्नो खुसी वा बेखुसीको प्रतिक्रिया पनि जनाउन सक्छ । बालकको यिनै

मौखिक आवाजलाई तुताउनु पनि भनिन्छ । बालक छ महिना नपुग्दासम्म अभिभावकको मुखमा हेरेर अभाषिक आवाजसँगै तुताइ रहेको हुन्छ ।

बालक छ महिनाको पुगेपछि भाषिक आवाजमा परिवर्तन आएको हुन्छ । छ महिनादेखि १२ महिनाको अवधिमा बालकको अघिल्ला दाँत आउने र भाषिक आवाज उच्चारणमा पनि केही सहज हुने हुनाले बालक आठदेखि १८ महिनाको अवधिमा स्पष्टसँग एक शब्दे वाक्य उच्चारण गर्न सक्षम भएको हुन्छ । बालकले प्रयोग गरेको एक शब्दे वाक्यले पूर्ण अर्थ दिए पनि त्यो अर्थ बालकको अभिभावक वा उसको धरालोले मात्र बुझ्न सक्छ ।

बालकले प्रयोग गरेको 'बुबु' शब्दले 'म दुध खान्छु, मलाई भोक लाग्यो, बुबु उसले खायो, मेरो बुबु खोइ ?' आदि अर्थ हुन सक्छ । यो चरणमा बालकले सबै प्रजातिका पंक्षीलाई 'चरी', सबै केटालाई 'दादा', सबै लोग्ने मानिसलाई 'बाबा' शब्दले सम्बोधन गर्ने गर्दछन् । यो उमेरका बालकलाई अर्थ विभेदीकरणमा समस्या भएको हुन्छ । ध्वनि उच्चारण गर्दा आ (दादा, नाना, आमा, बाबा, पापा, मामा, चाचा), उ (बुबु, नुनु, पुपु), इ (दिदी, चिची, निनी) आदि स्वरात्मक शब्द र व्यञ्जनमा पनि अल्पप्राण (द, न, म, ब, प, च) तथा स्पर्शी (द, म, ब, प) व्यञ्जनात्मक शब्द उच्चारणमा सहजता भएको पाइन्छ । सामान्यतया १२ महिनाको बालकले अभिभावकको साधारण आदेश बुझ्न सक्छ भने विशेष प्रकारको शब्द उच्चारण गर्न र प्रतिक्रिया जनाउन पनि सक्छ ।

सामान्यतया बालक दुई वर्षपछि दुई शब्दे अव्याकरणिक वा टेलिग्राफिक वाक्यको प्रयोग गर्न थाल्छ । यसलाई तोते बोली पनि भनिन्छ । यो चरणका बालकले प्रयोग गर्ने दुई शब्दे टेलिग्राफिक वाक्यमा विभक्ति र कर्ता क्रियाको संगति भएको पाइदैन । यी वाक्यमा सूच्य अर्थ भए पनि व्याकरणात्मक कोटि, सहायक क्रिया, नामयोगी, संयोजक आदि शब्दको प्रयोग भएको पाइदैन । यो उमेरमा प्रायः दुई शब्दे नाम (बाबा बुबु, दिदी पापा) र कर्ता क्रियायुक्त वाक्यमा पनि विभक्ति र संगति बिहिन (बुबु दे, चल्ली आ, पापा ला) का वाक्यहरू प्रयोग भएको पाइन्छ । उनीहरूका भाषिक प्रयोगमा तृतीय पुरूष, एकवचन र पुलिङ्गी शब्दको प्रयोग बढी मात्रामा पाइन्छ । उनीहरूको अभिव्यक्तिमा अव्यय शब्दका तुलनामा विकारी नामिक शब्दको प्रयोग बढी मात्रामा भएको पाइन्छ । कुनै कुनै यो उमेरका बालकले 'आमा बुबु दे' जस्ता तिन शब्दे वाक्य समेत प्रयोग गरेको पाइन्छ । दुई वर्षको बालकले आदेशात्मक वाक्य बुझ्नुका साथै दुई सयभन्दा बढी शब्दको तोते बोलीमा उच्चारण गर्न सक्षम भएको पाइन्छ ।

## ६.५.२ उत्तरवर्ती चरणहरू

बालक अढाइ वा साढे दुई वर्षको पुगेपछि भाषिक व्यवहारमा पनि परिवर्तन आएको हुन्छ । साढे दुई वर्षको बालकले बिस्तारै तोते बोलीबाट उन्मुक्त भएर तिन शब्दे वाक्यको प्रयोगतर्फ उन्मुख भएको हुन्छ । यही अढाइ वर्षको उमेरलाई हेमाङ्ग राज अधिकारीले बालकको भाषा विकासका दृष्टिले उत्तरवर्ती चरण भनेका छन् (२०५६: १०७) । बालक तीन वर्षको पुग्दा नपुग्दै पदक्रम, पद संगति, शब्द रूपायन, विभक्तिको प्रयोग र कालको प्रयोग गरी भाषाको आधारभूत व्याकरणको समेत प्रयोग गर्न थालेको हुन्छ । शब्दभण्डारमा पनि उल्लेख्य मात्रामा वृद्धि हुँदै जाने हुँदा तोते बोलीका शब्दलाई पनि बिस्तारै मानक शब्दमा उच्चारण गर्न थालेको हुन्छ । भाषिक विकास र बिस्तारैका क्रममा बालकले भूतकालको प्रयोग, मुख्य क्रियापछि सहायक क्रियाको प्रयोग, आज्ञार्थ र प्रश्नार्थक वाक्यको प्रयोग गर्नु उसका उत्तरवर्ती चरणका मुख्य विशेषता हुन् । तोते बोलीको लोप र शब्दभण्डारको विकाससँगै बालकले पारिवारिक नाता सम्बन्ध, खेलौना, फलफूल, बोट विरूवा, पशुपंक्षी, खाद्य वस्तु र अन्य वातावरणमा पाइने वस्तुका बारेमा समेत भाषिक धारणा बनाएको हुन्छ ।

बालकमा भाषाको आधारभूत सिप र शब्दभण्डारको विकास हुँदै जाँदा बौद्धिक क्षमतामा पनि विकास हुँदै जान्छ । वातावरण, संस्कार र व्यवहारमा संगति नभएका विषयमा जिज्ञाशा राख्ने, नकारात्मक शब्द र वाक्यको प्रयोग गर्ने तथा अनुत्तरित प्रश्नार्थक वाक्यको प्रयोग गर्ने प्रवृत्ति पनि यो उमेर समूहका कतिपय बालकमा पाइन्छ । तीन वर्षको बालकले आफन्तको भाषिक अनुकरण गर्ने र आफ्नो मातृभाषाको आधारभूत भाषिक व्यवहार सम्पन्न गर्नसक्ने भए पनि वचन, आदर, पुरूष, पक्ष, लिङ्ग, वाच्य आदि व्याकरणिक कोटिको उचित प्रयोग भने गरेको पाइदैन ।

चार वर्षको बालकमा भाषिक परिपक्कता आइ सकेको हुन्छ । यो बालकको विद्यालयोन्मुख समय भएको हुनाले पनि उसको शब्दभण्डार प्राप्तिको क्षमता द्रुत गतिमा विकास भइ रहेको हुन्छ । यो चरणका बालकमा घटनाको वर्णन गर्न, तार्किक प्रश्न गर्न, कुनै टिप्पणी गर्न र अनुमान गर्नसक्ने क्षमताको विकास भए पनि अझै शब्दभण्डारगत, व्याकरणात्मक र वाक्यात्मक समस्याहरू भने उसमा रहिनै रहेका हुन्छन् । सबै बालकमा एकै प्रकृतिको भाषिक क्षमता र भाषिक समस्या पनि हुँदैनन् । बालकको भाषिक सामर्थ्य हुँदाहुँदै पनि सबै बालकमा भाषिक सम्पादन क्षमता समान प्रकृतिको हुँदैन । भाषिक सम्पादनमा पारिवारिक पृष्ठभूमि, भाषिक वातावरण, विद्यालय र साथीहरूको संगतले पनि प्रभाव पारेको हुन्छ । यो उमेर समूहका बालकहरूलाई माया, आत्मप्रशंसा र भाषिक सामग्रीले पनि भाषा सिकाइमा प्रभाव पारेको हुन्छ । करिब पाँच वर्षको बालकले दुई हजार भन्दा बढी शब्द बुझ्न र प्रयोगमा ल्याउन सक्छ । तर भाषाप्राप्तिमा पारिवारिक

शिक्षा, आर्थिक अवस्था, बौद्धिक क्षमता र सामाजिक वातावरणले ठुलो प्रभाव पारेको हुन्छ ।

पाँच वर्षको बालकले सामान्यतया मानक शब्दको उच्चारण गर्न र मातृभाषाको आधारभूत व्याकरणिक नियमको प्रयोग गर्न सक्षम भइसकेको हुन्छ । पारसमणि भण्डारी लगायतका अनुसन्धान कर्ताको भनाइमा सात वर्ष पुगेका बालकले चार हजार शब्दहरू स्पष्ट उच्चारण गर्न र वाक्यमा प्रयोग गर्न सक्षम भएको हुन्छ (२०६८ः ११८) । पाँच वर्षको बालकले करिब दुई हजारदेखि बाइस सय शब्द र छ वर्षको बालकले चौबीस सयसम्मको शब्दभण्डार प्राप्ति गर्नसक्छ । विदेशी अनुसन्धान कर्ता रिचर्डस डाउन (१९८५) का अनुसार सात वर्षको बालकले चार हजार शब्द, साढे सात वर्षको बालकले छ हजार शब्द र आठ वर्षको बालकले आठ हजार शब्दभण्डारको प्रयोग गर्नसक्ने तथ्यको खोजी गरेका छन् (भण्डारी, २०६८ः ११४) ।

निष्कर्षमा भन्दा तीन वर्षको बालकले कामचलाउ भाषाको प्रयोग गर्नसक्छ भने चार वर्षको बालकले आफ्नो मातृभाषाका सरल, संयुक्त र मिश्र वाक्यका सामान्य ढाँचा प्रयोगमा ल्याउन सक्छ । एउटा बालकले विशेष अवस्था बाहेक दस वर्षको उमेर भित्रमा आफ्नो मातृभाषाको बोध तथा अभिव्यक्ति क्षमतामा निपूर्णता हासिल गरी सकेको हुन्छ । नोम चोम्स्कीले पनि कुनै पनि बालकको भाषाप्राप्ति संयन्त्र (ल्याड) यही दस वर्षको उमेरसम्म मात्र सक्रिय रहने निष्कर्ष निकालेका छन् ।

## ६.६ बालभाषा विकासका पक्षहरू

बालभाषाको अध्ययन परम्परा १९ औं शताब्दीको पूर्वाद्धमा मनोभाषा विज्ञानसँगै पश्चिमा देशहरूबाट भएको हो । संरचनावादी भाषा विज्ञान र व्यवहारवादी मनोविज्ञानको सैद्धान्तिक परम्परामा हुर्किएको बालभाषा अध्ययन परम्परालाई नोम चोम्स्कीको रूपान्तरण व्याकरणले अगाडि बढायो । चोम्स्कीले भाषिक व्यवहारलाई भन्दा पनि भाषिक सामर्थ्यलाई बढी जोड दिए । बालभाषा अध्ययनमा फोडोर र लेन्नेव्यार्गको पनि उत्तिकै योगदान रह्यो । उनीहरूले भाषाको निर्भर मानव संज्ञानमा हुन्छ भन्ने तर्क अगाडि सारे । भाषा आफैमा केही पनि होइन । तर भाषिक गतिविधिहरू मानवीय संज्ञानमा निर्भर हुन्छन् । बेभर र स्लोबिन, जिन पियाजे, रोजर ब्राउन, क्र्यासन, नोम चोम्स्की, ग्रेगोरी, ग्रेसर आदि मनोभाषा वैज्ञानिकहरूले भाषा विकासका विभिन्न चरण र पक्षको अध्ययन गरेका हुन् । मनोभाषा विज्ञान शब्दको पहिलो प्रयोग क्यारोलले गरे पनि यसको व्यवस्थित अध्ययन रोजर ब्राउनले गरेका हुन् । बाल मनोभाषाको गहिरो अध्ययन गर्ने काम भने  नोम चोम्स्कीले नै गरेका हुन् ।

जिन पियाजेले बालकको संज्ञानात्मक विकासका चार चरणहरूको अध्ययन गरेका छन् । उनले बालकको जन्मदेखि दुई वर्षसम्मको उमेरलाई संवेदनीय गत्यात्मक उमेर र दुई वर्षदेखि झण्डै सात वर्षको उमेरलाई पूर्व क्रियात्मक उमेर मानेका छन् । त्यसै गरी उनले बालकको सातदेखि बाह्र वर्षसम्मको उमेरलाई ठोस क्रियात्मक उमेर र १२ वर्षभन्दा माथिको उमेरलाई औपचारिक क्रियात्मक उमेर भनेका छन् । संज्ञानवादी जिन पियाजेको यो अध्ययनले पनि बालभाषा विकासका विभिन्न पक्षको अध्ययनमा ठुलो योगदान पुऱ्याएको छ ।

नोम चोम्स्कीले बालभाषा विकासका विभिन्न पक्षका सम्बन्धमा अध्ययन गरेका छन् । उनले बालकको मस्तिष्कमा भाषा सिक्ने सामर्थ्य जन्मजात रूपमा रहेको हुन्छ भन्ने तथ्यको पनि खोजी गरे । उनको भनाइमा भाषाका आधारभूत नियमहरू अमूर्त रूपमा मस्तिष्कमा रहेका हुन्छन् र तिनै नियमका आधारमा बालकले अर्धचेतन मनबाट भाषा सिकिरहेको हुन्छ । संसारका हरेक भाषाका आन्तरिक तहका संरचना समान हुने हुनाले बालकले जुनसुकै भाषा सहजै सिक्न सक्छ भन्ने तर्क पनि उनले अगाडि सारे । अनुभववादीहरूले बालक जन्मदा कोरा मस्तिष्क लिएर आएको हुन्छ र उसले अनुभव तथा व्यवहारबाट भाषा सिक्दै जान्छ भन्ने तर्कको पनि खण्डन गर्दै चोम्स्कीले बालक जन्मदा नै भाषाप्राप्ति संयन्त्र (ल्याड) लिएर आएको हुन्छ र सोही संयन्त्रका आधारमा उसले भाषा सिक्छ भन्ने तर्क राखेका हुन् । बालभाषा विकासका सम्बन्धमा चोम्स्कीले बालकमा रहेको भाषाप्राप्ति संयन्त्र पनि सँधै एकैनास सक्रिय नरहेर पूर्व बाल्यावस्थादेखि १० वर्षको उमेरसम्म सक्रिय हुने हुनाले प्रौढका तुलनामा बालकले छिटो भाषा सिक्छ भन्ने तथ्य पनि पत्ता लगाए । बालभाषाका सम्बन्धमा चोम्स्कीले भाषाप्राप्ति प्रक्रिया र भाषाप्राप्ति संयन्त्रका बारेमा नयाँ तथ्यको खोजी गरेका हुन् । यिनै विभिन्न बाल मनोभाषा अध्ययन कर्ताको अध्ययन अनुसार एउटा बालकमा निम्न भाषिक पक्षको विकास भएको हुन्छ ।

## ६.६.१ ध्वन्यात्मक पक्षको विकास

बालकले जन्मिएको केही समयदेखिनै विभिन्न किसिमका आवाजहरू निकाल्न थाल्दछ । बालकको पहिलो आवाज भनेकै रूनु र कराउनु हो । यो रूवाइले पनि बालकको ध्वन्यात्मक पक्षको विकासमा सघाएको हुन्छ । बालक जन्मिएको दुई महिनासम्म त रूनुमा नै सीमित रहन्छ भने त्यसपछि क्रमिक रूपमा तुताउने र कुरा गर्नतर्फ उन्मुख हुन्छ । बालकको रूवाइले पनि फोक्सो, स्वरयन्त्री, जिब्रो आदि उच्चारण अवयवलाई बलियो र सक्रिय बनाउनमा सघाएको हुन्छ । बालकको ध्वन्यात्मक पक्षको विकासमा यिनै रूने, कराउने वा कुँज्ने, तुताउने र कुरा गर्ने गरी चारवटा चरण पर्दछन् ।

बालक जन्मिएको छ हप्तापछि घुर्न थाल्छ भने दुई महिना पछि नयाँ प्रकृतिका आवाजहरू निकाल्न थाल्छ । बालकका ती आवाजहरू निरर्थक भए पनि स्वर तथा

व्यञ्जनात्मक ध्वनिको अंश त्यहाँ भेटिएका हुन्छन् । दुई महिना पछि क्रमशः बालक स्वरयन्त्रको उपयोग गरी 'आ, अ, उ' आदि स्वर र 'हा, हु, हँ, गु' आदि एक अक्षरीय व्यञ्जन ध्वनिको आवाज निकाल्न थाल्छ । नवजात शिशुको आकस्मिक रूपमा निस्किने यी अभाषिक आवाजमा पनि खुसी र बेखुसीका भावहरू भने स्पष्ट रूपमा झल्किएका हुन्छन् । बालक चार महिना पुगेपछि एकभन्दा बढी आक्षरिक प्रकृतिका आवाजहरू उत्पादन गर्न थाल्दछ । यो अवधिमा बालकले अभिभावकको आवाजको चाल सुन्ने, मुखमा हेरेर अस्पष्ट कुरा गर्ने, आवाजसँग खेल्ने र रमाउने समेत गर्दछ । उच्चारण अवयवहरू पूर्ण विकसित भइ नसकेको हुनाले अर्थपूर्ण भाषिक उच्चारण नगरे पनि बालकले यो अवधिमा 'पाप्पा, बाब्बा, बुब्बु, दादा' आदि ध्वन्यात्मक आवाज निकाल्ने र अभिभावकले भाषिक अर्थ लगाउने गरेको पाइन्छ । यिनै ध्वन्यात्मक आवाजबाट बालकले आफ्नो खुसी वा बेखुसीको प्रतिक्रिया पनि जनाउन सक्छ । बालकको यिनै मौखिक आवाजलाई तुताउनु पनि भनिन्छ । बालकका यी ध्वनिहरू पछि गएर भाषाप्राप्तिमा सहयोगी सिद्ध हुन्छन् ।

बालक छ महिना नपुग्दासम्म अभिभावकको मुखमा हेरेर अभाषिक आवाजसँगै तुताइ रहेको हुन्छ । बालक छ महिनाको पुगेपछि भाषिक आवाजमा परिवर्तन आएको हुन्छ । छ महिनादेखि १२ महिनाको अवधिमा बालकको अघिल्ला दाँत आउने र भाषिक आवाज उच्चारणमा पनि केही सहज हुने हुनाले बालक आठदेखि १८ महिनाको अवधिमा स्पष्टसँग एक शब्दे वाक्य उच्चारण गर्न सक्षम भएको हुन्छ ।

यसरी अर्थहीन ध्वनिबाट रून, कराउन, तुताउन र कुरा गर्न सुरू गरेको बालकले तिन वर्षको उमेरसम्म क्रमशः अर्थयुक्त शब्द र वाक्य प्रयोगमा ल्याउन सक्छ । सबै बालकको ध्वन्यात्मक विकास एउटै गतिमा भने पाइदैन । कुनै बालकको ध्वन्यात्मक पक्ष दुई तिन वर्षकै अवधिमा पूर्ण विकसित भइसकेको र कोहीको पाँच छ वर्षसम्म पनि तोते बोलीमै सीमित रहेको पाइन्छ । तसर्थ हरेक बालकको ध्वन्यात्मक पक्षको विकास फरक फरक भए पनि अभिव्यक्ति पक्ष विकासको एउटा चरण हो ।

### ६.६.२ आदानात्मक पक्षको विकास

बालकमा भाषाको प्राप्ति सुनाइबाट हुन्छ भने सम्पादन बोलाइबाट हुन्छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषाका आधारभूत सिप हुन् । सुनाइ र पढाइ सिपले बालकमा बोध क्षमताको विकास हुन्छ भने बोलाइ र लेखाइ सिपले अभिव्यक्ति क्षमताको विकास हुन्छ । बालकको यही बोध क्षमता आदानात्मक पक्ष हो भने अभिव्यक्ति क्षमता प्रदानात्मक पक्ष हो । भाषामा बोध क्षमता वा आदनात्मक पक्षको विकासमा के कुराले प्रभाव पारेको हुन्छ भन्ने सम्बन्धमा फरक फरक तर्कहरू पनि पाइन्छन् ।

अनुभववादीहरूले बालक जन्मदा कोरा मस्तिष्क लिएर आएको हुन्छ र उसले अनुभव तथा व्यवहारबाट भाषा सिक्दै जान्छ अथवा प्राप्ति गर्दछ भन्ने तर्क अगाडि सारेका छन् । त्यसै गरी मनोवादीहरूले जन्मजात लिएर आएको बौद्धिक

क्षमताका कारणले भाषाप्राप्ति गर्दछ भन्ने तर्क अगाडि सारेका छन् । तर नोम चोम्स्कीले बालकको मस्तिष्कमा भाषा सिक्ने सामर्थ्य जन्मजात रूपमा रहेको हुन्छ भन्ने तथ्यको खोजी गरे । उनको भनाइमा भाषाका आधारभूत नियमहरू अमूर्त रूपमा बालकका मस्तिष्कमा रहेका हुन्छन् र तिनै नियमका आधारमा बालकले अर्धचेतन मनबाटै भाषाप्राप्ति गरेको हुन्छ ।

संसारका हरेक भाषाका आन्तरिक तहका संरचना समान हुने हुनाले बालकले जुनसुकै भाषा सहजै सिक्न सक्छ भन्ने तर्क पनि उनले अगाडि सारे । चोम्स्कीले बालक जन्मदा नै भाषाप्राप्ति संयन्त्र (ल्याड) लिएर आएको हुन्छ र सोही संयन्त्रका आधारमा उसले भाषा सिक्छ भन्ने तर्क राखेका हुन् । बालभाषा विकासका सम्बन्धमा चोम्स्कीले बालकमा रहेको भाषाप्राप्ति संयन्त्र पनि सँधै एकैनास सक्रिय नरहेर पूर्व बाल्यावस्थादेखि १० वर्षको उमेरसम्म सक्रिय हुने हुनाले प्रौढका तुलनामा बालकले छिटो भाषा सिक्छ भन्ने तथ्य पनि पत्ता लगाए । बालभाषाका सम्बन्धमा चोम्स्कीले भाषाप्राप्ति प्रक्रिया र भाषाप्राप्ति संयन्त्रका बारेमा नयाँ तथ्यको खोजी गरेका हुन् ।

व्यक्त गर्न नसके पनि बालकको मस्तिष्कमा करिब ४५ दिनको उमेरपछि नै भाषासम्बन्धी सूक्ष्म धारणाको विकास हुन थाल्छ । एक महिनाको बालकले आमाको बोली चिन्न सक्छ भन्ने भनाइ रहे तापनि तिन चार महिनाको बालकले आफन्तको वा परिचित आवाज पहिचान गर्न सक्दछ । छ महिनाको बालकले कान थापेर कुरा सुन्ने, माया र गाली छुट्याउने, केही आवाजको पुनरावृत्ति गर्ने, आज्ञात्मक वाक्यको साङ्केतिक प्रतिक्रिया दिने आदि गतिविधि गर्नसक्छ । एक वर्षको बालकमा बोध क्षमताको धेरै नै वृद्धि भइसकेको हुने हुनाले उसले आफन्तले बोलेका कुरा बुझेर त्यसको अनुकरण र प्रत्युत्तर समेत दिन खोज्छ ।

दुई वर्षको बालकमा व्याकरण सम्बन्धी अवधारणाको विकास हुन थालेको हुन्छ भने बालक तीन वर्षको पुग्दा नपुग्दै पदक्रम, पद संगति, शब्द रूपायन, विभक्तिको प्रयोग र कालको प्रयोग सम्बन्धी भाषाका आधारभूत व्याकरणको समेत बोध हुन थालेको हुन्छ । पाँच वर्षको बालकले भाषिक वातावरण पाएको खण्डमा उसको बोध क्षमतामा तीव्रतर विकास भइसकेको हुनाले मातृभाषाको आधारभूत व्याकरणका नियमहरू बुझिसकेको हुन्छ । त्यसै गरी आठ वर्षको बालकले आफ्नो मातृभाषाको समग्र भाषिक नियम, करिब आठ हजारसम्मको शब्दभण्डार र जटिल वाक्यात्मक संरचनाको समेत सहजै बुझ्न सक्छ । त्यसै गरी एउटा बालकले दस वर्षको उमेर भित्रमा आफ्नो मातृभाषाको समग्र भाषिक नियम बुझ्न सक्ने क्षमताको विकास गरी सकेको हुन्छ ।

बालकमा आदनात्मक पक्षको विकास एकै गति र प्रक्रियामा हुँदैन । कुनै बालकमा आदनात्मक क्षमताको विकास तीव्र गतिमा हुन्छ भने कुनैमा ढिलो गतिमा हुन्छ । त्यसै गरी बोधको प्रक्रिया पनि अभिधात्मक, अनुमानित, भावात्मक, आलोचनात्मक र सिर्जनात्मक गरी पाँच प्रक्रियाका हुन्छन् । तथ्यपरक विषय

वस्तुमा आधारित जानकारी वा सूचना अभिधात्मक बोध अतर्गत पर्दछ भने प्रत्यक्ष जानकारी वा सूचना नभएको तर तर्कद्वारा सिद्ध गर्न सकिने जानकारी अनुमानित बोध अन्तर्गत पर्दछ । त्यसै गरी साहित्यिक र प्रतीकात्मक अर्थ लगाउन सकिने तर्क भावात्मक बोध हुन्छ । अरूको तर्क वा विचारलाई बुझेर खण्डन वा समीक्षा गर्नु आलोचनात्मक बोध हो भने अरूको विचारलाई बुझेर नयाँ सिर्जना गर्नु सिर्जनात्मक बोध हो । यसरी बालकको आदनात्मक क्षमताको विकास भएपछि मात्र प्रदानात्मक क्षमताको विकास भएको हुन्छ ।

## ६.६.३ प्रदानात्मक पक्षको विकास

भाषिक अभिव्यक्तिलाई प्रदानात्मक क्षमता पनि भनिन्छ । बोलाइ र लेखाइ सिपले प्रदानात्मक क्षमताको विकासमा सघाएका हुन्छन् । बालक ६ महिनाको पुगेपछि भाषिक आवाजमा परिवर्तन आएको हुन्छ । छ महिनादेखि १२ महिनाको अवधिमा बालकको अघिल्ला दाँत आउने र भाषिक आवाज उच्चारणमा पनि केही सहज हुने हुनाले आठदेखि १८ महिनाको बालकले स्पष्टसँग एक शब्दे वाक्य उच्चारण गर्न सक्षम भएको हुन्छ । यो नै बालकको पहिलो भाषिक अभिव्यक्ति मानिन्छ । बालकले प्रयोग गरेको 'बुबु' 'माम', 'नाना' आदि एक शब्दे अभिव्यक्तिले पूर्ण वाक्यात्मक अर्थ प्रदान गरेको हुन्छ । यो बालकको पहिलो अभिव्यक्ति कला हो । सुरूमा बालकले 'आ, उ, इ' बाट उच्चरित स्वरात्मक शब्द र 'द, न, म, ब, प, च' आदि व्यञ्जन ध्वनिबाट उच्चरित शब्द उच्चारण गरेको पाइन्छ ।

सामान्यतया बालक दुई वर्षपछि दुई शब्दे अव्याकरणिक वा टेलिग्राफिक वाक्यको प्रयोग गर्न थाल्छ । यसलाई तोते बोली पनि भनिन्छ । यो चरणका बालकले प्रयोग गर्ने दुई शब्दे टेलिग्राफिक वाक्यमा विभक्ति र कर्ता क्रियाको संगति भएको पाइदैन । यी वाक्यमा सूच्य अर्थ भए पनि व्याकरणात्मक कोटि, सहायक क्रिया, नामयोगी, संयोजक आदि शब्दको प्रयोग भएको पाइदैन । यो उमेरमा प्रायः दुई शब्दे नाम (बाबा बुबु, दिदी पापा) र कर्ता क्रियायुक्त वाक्यमा पनि विभक्ति र संगति विहिन (बुबु दे, चल्ली आ, पापा ला) का वाक्यहरू प्रयोग भएको पाइन्छ । नेपाली भाषी बालकको यो चरणको भाषिक प्रयोगमा तृतीय पुरूष, एकवचन र पुलिङ्गी शब्दको प्रयोग बढी मात्रामा पाइन्छ । उसको अभिव्यक्तिमा अव्यय शब्दका तुलनामा विकारी नामिक शब्दको प्रयोग बढी मात्रामा भएको पाइन्छ । कुनै कुनै यो उमेरका बालकले 'आमा बुबु दे' जस्ता तिन शब्दे वाक्य समेत अभिव्यक्त गरेको पनि पाइन्छ ।

बालक अढाइ वा साढे दुई वर्षको पुगेपछि भाषिक अभिव्यक्तिमा पनि परिवर्तन आएको हुन्छ । साढे दुई वर्षको बालकले बिस्तारै तोते बोलीबाट उन्मुक्त भएर तिन शब्दे वाक्यको प्रयोगतर्फ उन्मुख भएको हुन्छ । बालक तिन वर्षको पुग्दा नपुग्दै पदक्रम, पद संगति, शब्द रूपायन, विभक्तिको प्रयोग र कालको प्रयोग गरी भाषाको आधारभूत व्याकरणको समेत प्रयोग गर्न थालेको

हुन्छ । भाषिक अभिव्यक्तिका क्रममा बालकले भूतकालको प्रयोग, मुख्य क्रियापछि सहायक क्रियाको प्रयोग, आज्ञार्थ र प्रश्नार्थक वाक्यको प्रयोग पनि यसै चरणमा गर्न सक्षम हुन्छ । तीन वर्षको बालकले आफन्तको भाषिक अनुकरण गर्ने र आफ्नो मातृभाषाको आधारभूत भाषिक व्यवहार सम्पन्न गर्नसक्ने भए पनि वचन, आदर, पुरूष, पक्ष, लिङ्ग, वाच्य आदि व्याकरणिक कोटिको उचित प्रयोग भने गरेको पाइदैन ।

चार वर्षको बालकमा भाषिक परिपक्कता आइ सकेको हुन्छ । यो बालकको विद्यालयोन्मुख समय भएको हुनाले पनि उसको शब्दभण्डार प्राप्तिको क्षमता द्रुत गतिमा विकास भइ रहेको हुन्छ । यो चरणका बालकमा घटनाको वर्णन गर्न, तार्किक प्रश्न गर्न, कुनै टिप्पणी गर्न र अनुमान गर्नसक्ने क्षमताको विकास भए पनि अझै शब्दभण्डारगत, व्याकरणात्मक र वाक्यात्मक समस्याहरू भने उसमा रहिनै रहेका हुन्छन् । सबै बालकमा एकै प्रकृतिको अभिव्यक्ति क्षमताको विकास भएको भने हुँदैन । बालकको भाषिक सामर्थ्य हुँदाहुँदै पनि सबै बालकमा भाषिक सम्पादन क्षमतामा पनि समानता हुँदैन । भाषिक सम्पादनमा पारिवारिक पृष्ठभूमि, भाषिक वातावरण, विद्यालय र साथीहरूको संगतले पनि प्रभाव पारेको हुन्छ ।

पाँच वर्षको बालकले सामान्यतया मानक शब्दको उच्चारण गर्न र मातृभाषाको आधारभूत व्याकरणिक नियमको उपयोग गरी भाषिक अभिव्यक्ति प्रदान गर्न सक्षम भइसकेको हुन्छ । निष्कर्षमा भन्दा तीन वर्षको बालकले कामचलाउ भाषाको प्रयोग गर्नसक्छ भने चार वर्षको बालकले आफ्नो मातृभाषाका सरल, संयुक्त र मिश्र वाक्यका सामान्य ढाँचा प्रयोगमा ल्याउन सक्छ । कुनै पनि बालकले आठ वर्षको उमेरसम्ममा आफ्नो मातृभाषामा पूर्ण अभिव्यक्ति दिन र व्याकरणसम्मत भाषाको प्रयोग गर्न सक्षम भइसकेको हुन्छ । साथै दस वर्षको बालकमा मौखिक, लिखित, स्वतन्त्र, निर्देशित र आलोचनात्मक अभिव्यक्ति दिन पनि सक्षम भइसकेको हुन्छ ।

## ६.६.४ शब्दार्थ तथा शब्दभण्डारको विकास

बालकको ध्वन्यात्मक, आदनात्मक र प्रदानात्मक क्षमतासँगै शब्दार्थ र शब्दभण्डारको विकास पनि सँगै भएको हुन्छ । नेपालमा यी विषयमा खासै अनुसन्धान हुन नसके पनि पश्चिममा बालकको शब्दभण्डारको विकासका बारेमा स्मिथ, बेरी, म्याके, रिचर्डस डाउन, डेभिड क्रिस्टल आदिले अध्ययन गरेको पाइन्छ । स्मिथले १८ महिनाको बालकले २२ वटा शब्दसम्म प्रयोगमा ल्याउन सक्ने तर्क राखेका छन् भने क्रिस्टलले यो उमेरका बालकले ५० वटासम्म शब्द प्रयोगमा ल्याउने तर्क राखेका छन् ।

दुई वर्षको बालकले आदेशात्मक वाक्य बुझ्नुका साथै दुई सय पचासभन्दा बढी शब्दभण्डारको ज्ञान भइसकेको हुन्छ । यो उमेरका बालकमा तोते बोलीको

लोप र शब्दभण्डारको विकाससँगै बालकले पारिवारिक नाता सम्बन्ध, खेलौना, फलफूल, बोट विरूवा, पशुपंक्षी, खाद्य वस्तु र अन्य वातावरणमा पाइने वस्तुसँग सम्बन्धित शब्दभण्डारका बारेमा पनि भाषिक धारणा बनाएको हुन्छ । पाँच वर्षको बालकले करिब दुई हजारदेखि बाइस सय शब्द र छ वर्षको बालकले चौबिस सयसम्मको शब्दभण्डार प्राप्ति गर्नसक्छ । तर बालकको शब्दभण्डारको वृद्धिदरमा उसको पारिवारिक शिक्षा, आर्थिक अवस्था, बौद्धिक क्षमता र सामाजिक वातावरणले पनि ठुलो प्रभाव पारेको हुन्छ । पारसमणि भण्डारी लगायतका अनुसन्धान कर्ताको भनाइमा सात वर्ष पुगेका बालकले चार हजार शब्दहरू स्पष्ट उच्चारण गर्न र वाक्यमा प्रयोग गर्न सक्षम भएको हुन्छ (२०६८: ११८) । विदेशी अनुसन्धान कर्ता रिचर्डस डाउन (१९८५) का अनुसार सात वर्षको बालकले चार हजार शब्द, साढे सात वर्षको बालकले छ हजार शब्द र आठ वर्षको बालकले आठ हजार शब्दभण्डारको प्रयोग गर्नसक्ने तथ्यको खोजी गरेका छन् (भण्डारी, २०६८: ११४) ।

यसरी बालकको शब्दभण्डारको विकासको वृद्धिदरलाई हेर्दा करिब छ महिनाको उमेरदेखि उसले एक शब्दे वाक्य उच्चारण गर्नसक्छ भने एक वर्षको उमेरसम्म उसमा शब्दको अर्थ ग्रहण गर्ने क्षमताको विकास भइसकेको हुन्छ । बालक आठ वर्षको उमेरसम्ममा पुग्दा उसमा प्रयाप्त शब्दभण्डारको विकास भइसकेको हुन्छ र दैनिक जीवनमा आवश्यक पर्ने आधारभूत वाक्य सम्पादन गर्ने सामर्थ्यको पनि विकास भइसकेको हुन्छ ।

एउटा बालकमा उमेर अनुसार केकति शब्दभण्डारको विकास हुन्छ भन्ने विषयमा विद्वान्हरूमा एउटै भनाइ त पाइदैन । बालकको शब्दभण्डार क्षमताको विकासमा विभिन्न पक्षले भूमिका खेलेको हुन्छ । क्रिस्टलका भनाइमा एकदेखि साढे छ वर्षसम्मको उमेर समूहका बालबालिकाले औषतमा निम्न शब्दभण्डार प्रयोग गर्नसक्छः

| उमेर/वर्ष | १.५ | २ | २.५ | ३ | ३.५ | ४ | ४.५ | ५ | ५.५ | ६ | ६.५ | ७ | ७.५ | ८ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शब्दभण्डार | ५० | २५० | ४०० | ८५० | १२०० | १५०० | १८०० | २००० | २२०० | २४०० | २६०० | ४००० | ६००० | ८००० |

## ६.६.५ व्याकरण र संकथनात्मक पक्षको विकास

बालक आठदेखि दस वर्षको उमेरसम्म पुग्दा दैनिक जीवनमा आवश्यक पर्ने आधारभूत वाक्य सम्पादन गर्ने सामर्थ्यको पनि विकास भइसकेको हुन्छ । पहिले बालकमा ध्वन्यात्मक उच्चारण सिपको विकास भएको हुन्छ भने त्यसपछि उसमा आदनात्मक र प्रदानात्मक क्षमताको विकास पनि क्रमिक रूपमा वृद्धि हुँदै जान्छ । शब्दभण्डारको वृद्धि र विकाससँगै बालकमा व्याकरणात्मक क्षमताको पनि विकास हुन्छ । अन्य सिप र क्षमताका तुलनामा बालकमा व्याकरणात्मक क्षमताको विकास पछि मात्र हुन्छ । पूर्वार्द्ध चरणमा बालक रूने, कराउने, तुताउने, एक शब्दे वाक्य प्रयोग गर्ने र दुई शब्दे अव्याकरणिक वा टेलिग्राफिक वाक्यको प्रयोग गर्ने गर्दछ । जब बालक उत्तरार्द्ध चरणमा प्रवेश गर्दछ, उसले क्रमशः पदक्रम, पद संगति, शब्द रूपायन, विभक्तिको प्रयोग र कालको प्रयोग गरी भाषाको आधारभूत व्याकरणको समेत प्रयोग गर्न थालेको हुन्छ । शब्दभण्डारमा पनि उल्लेख्य मात्रामा वृद्धि हुँदै जाने हुँदा तोते बोलीका शब्दलाई पनि बिस्तारै मानक शब्दमा उच्चारण गर्न थालेको हुन्छ । भाषिक विकास र बिस्तारैका क्रममा बालकले भूतकालको प्रयोग, मुख्य क्रियापछि सहायक क्रियाको प्रयोग, आज्ञार्थ र प्रश्नार्थक वाक्यको प्रयोग गर्न थालेको हुन्छ ।

नोम चोम्स्कीले बालभाषा विकासका विभिन्न पक्षका सम्बन्धमा अध्ययन गरेका छन् । उनले बालकको मस्तिष्कमा भाषा सिक्ने सामर्थ्य जन्मजात रूपमा रहेको हुन्छ भन्ने तथ्यको पनि खोजी गरे । उनको भनाइमा भाषाका आधारभूत नियमहरू अमूर्त रूपमा मस्तिष्कमा रहेका हुन्छन् र तिनै नियमका आधारमा बालकले अर्धचेतन मनबाट भाषा सिकिरहेको हुन्छ । संसारका हरेक भाषाका आन्तरिक तहका संरचना समान हुने हुनाले बालकले जुनसुकै भाषा सहजै सिक्न सक्छ भन्ने तर्क पनि उनले अगाडि सारे । चोम्स्कीले बालक जन्मदा नै भाषाप्राप्ति संयन्त्र (ल्याड) लिएर आएको हुन्छ र सोही संयन्त्रका आधारमा उसले भाषा सिक्छ भन्ने तर्क राखेका हुन् । बालकले यही ल्याडका आधारमा व्याकरणिक नियमको प्रयोग गरी वाक्यहरू प्रयोग गर्दछ भन्ने नै चोम्स्कीको निष्कर्ष हो । हुन पनि बालकले ध्वन्यात्मक, आदनात्मक, प्रदानात्मक र शब्दभण्डारको विकासपछि व्याकरणात्मक क्षमताको विकास गरेको हुन्छ । यो क्षमताको प्राप्ति बालकले आठदेखि १० वर्षको उमेरमा पूरा गरेको हुन्छ । यो व्याकरणात्मक नियम रूपदेखि वाक्यसम्मको भाषिक संरचनामा लागू भएको हुन्छ ।

भाषाको सबैभन्दा उच्च स्तरको एकाइ वा भाषाको पूर्ण अभिव्यक्ति भनेकै सङ्कथन हो । बालकमा छ वर्षको उमेरदेखि सङ्कथनात्मक पक्षको विकास भइरहेको हुन्छ । आठदेखि १० वर्ष उमेरका बालकमा व्याकरणात्मक वाक्यका साथै संकथनात्मक बोध क्षमताको पूर्ण विकास भइसकेको हुन्छ । कुनै सन्दर्भमा अभिव्यक्त अरूका भनाइ बुझ्न र आफ्ना विचारहरू अभिक्त गर्नसक्नु यो उमेरका बालबालिकाहरूको विशेषता हो ।